जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ •अंक २३० • २०८० साल माघ ३ गते बुधबार (17 January, Wednesday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।-

### जनमतलाई सरकारबाट हटाउने तयारी

# सरकारका दुई मन्त्रीलाई बुझाए ज्ञापन
# सत्ता गठबन्धनसँग टाढिँदै राउत

**टुडे समाचारदाता**

काठमाण्डु । विभिन्न समयमा सत्ता गठबन्धनकै विरुद्धमा उत्रेको जनमत पार्टीलाई सरकारबाट हटाउने रणनीतिमा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल नेतृत्वको सरकार तयारीमा जुटेको छ। गत प्रतिनिधिसभाको निर्वाचनमा जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवसंगै चुनाव लडेर सत्तागठबन्धनमा सहभागी भएका जनमत पार्टीले उपराष्ट्रपतिको निर्वाचनमा गठबन्धनकै उम्मेदवार रामसहाय प्रसाद यादवविरुद्ध उम्मेदवार दिएका थिए। पछि खाली भएको त्यो निर्वाचन क्षेत्रमा सत्ता गठबन्धनको उम्मेदवार जसपाका अध्यक्ष यादवविरुद्ध आफ्नो उम्मेदवारी दिएपछि पनि गठबन्धमा व्यापक असन्तुष्टि बढेको थियो।

आगामी माघ ११ गते हुन लागेको राष्ट्रियसभाको निर्वाचनमासमेत मधेश प्रदेशमा उम्मेदवार दिएपछि सत्ता गठबन्धनमा यस विषयमा व्यापक लेखाजोखा गरिएको एक नेताले बताए। जनमतलाई सरकारबाट नहटाउने र कुनै विषयमा छलफल पनि नगर्ने रणनीति अनुसार सरकारबाट बाहिर हुन बाध्य तुल्याउने रणनीति सरकारले लिएको छ।

एउटा मन्त्रालय पाएर सरकारमा सहभागी भएका जनमत पार्टीले गठबन्धनको विरुद्धमा पटक-पटक गएपछि त्यस विषयमा गठबन्धन भित्रै व्यापक आलोचना गरिएको स्रोतको दाबी छ । सत्ता गठबन्धनका एक नेताका अनुसार जनमत पार्टीले गरेको क्रियाकलाप एमालेको इसारामा भएको भन्दै गठबन्धनमा बसेर सरकारमा पनि रहने र गठबन्धनको निर्णय समेत नमान्ने भएपछि गठबन्धनको कुनै मतलब नै नभएपछि जनमतलाई सरकारबाट बर्हिगमनको बाटोमा सरकार लागेको बताए।

यता, सत्ता साझेदार जनमत पार्टीको टोलीले आफ्नै गठबन्धनका दुई मन्त्रीलाई मंगलबार दिउँसो पालैपालो ज्ञापनपत्र बुझाएको छ। पार्टी उपाध्यक्ष दीपक साह नेतृत्वको टोलीले ज्ञापनपत्र बुझाउँदै अर्थमन्त्री डा. प्रकाशशरण महत र उद्योगमन्त्री रमेश रिजालसँग छिटोभन्दा छिटो रोजगारी सिर्जना गर्न माग गरेको छ।

सरकार छाड्नुपर्ने अवस्था आएमा त्यसको तयारीस्वरुप जनमत पार्टीले गठबन्धनभित्रको भागबन्डा आदि खटपटलाई राजनीतिक एजेन्डाको आवरण दिन यसबाट चाहेको प्रष्टै बुझ्न सकिन्छ। सीके राउत नेतृत्वको पार्टी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय लिएर संघीय सरकारमा रहे पनि सत्ता गठबन्धनमा सहकार्य र दूरीको सम्भावित मार्गबारे सोचविचार गर्ने मुडमा देखिन्छ । खासमा राउत आफैं सरकार छाड्न इच्छुक देखिँदैनन्, तर बढ्दो अन्तरविरोधबीच आफ्ना मन्त्रीलाई यत्तिकै सरकारमा राखिराख्न उनलाई असहज बन्दै गएको छ।

पछिल्लो पुस २९ को गठबन्धन बैठकमा राउतलाई बोलाइएन । बालुवाटारमा बसेको त्यो बैठकले राष्ट्रियसभामा गठबन्धनका उम्मेदवारलाई जिताउन अपिल गर्ने निर्णय गरेको थियो । मधेश र लुम्बिनीमा एक-एक जना उम्मेदवार उठाएर गठबन्धनलाई साथ नदिएका राउतलाई उक्त बैठकमा बोलाइएको थिएन।



जनमतले १९ सिटमध्ये एक सिट पनि नपाउने सम्भावना देखेपछि अध्यक्ष सीके राउत विरक्तिएका थिए । 'फालिएका पात्रहरुलाई थुपार्ने डस्टबिन बनाउन खोजियो राष्ट्रिय सभा, यो हामीलाई स्वीकार्य छैन', सीके राउतले भने, ' उनीहरु गठबन्धन भनेर बैठक बस्छन्, हामीलाई बोधार्थ दिन्छन्। कहिलेसम्म यो सहेर बस्ने ?'

> जनमतले १९ सिटमध्ये एक सिट पनि नपाउने सम्भावना देखेपछि अध्यक्ष सीके राउत विरक्तिएका थिए । "फालिएका पात्रहरुलाई थुपार्ने डस्टबिन बनाउन खोजियो राष्ट्रिय सभा, यो हामीलाई स्वीकार्य छैन", सीके राउतले भने, "उनीहरु गठबन्धन भनेर बैठक बस्छन्, हामीलाई बोधार्थ दिन्छन् । कहिलेसम्म यो सहेर बस्ने ?"

प्रधानमन्त्री प्रचण्ड निकट स्रोतका अनुसार जनमतको मूल अन्तर्विरोध मधेशको शक्ति संघर्षबाट सिर्जित हो, जहाँ राउतले मुख्यमन्त्रीमा आलोपालो चाहेका थिए। जसपालाई प्रतिद्वन्द्वी ठानेको जनमत पार्टीले जसपाबाट निर्वाचित मुख्यमन्त्री सरोज कुमार यादवको विकल्पमा आफ्नो मुख्यमन्त्री पाउने आश्वासन प्रधानमन्त्री प्रचण्डबाट खोजेको थियो। तर प्रचण्डले त्यो सम्भव नभएको भन्दै अरु विकल्पमा सल्लाह गरौं भनी राउतलाई रोकिदिए।

त्यसबीचमा राउत बाराको उपचुनावमा गठबन्धनका उम्मेदवार उपेन्द्र यादवविरुद्ध छुट्टै उम्मेदवार खडा गर्न तम्सिइसकेका थिए। प्रचण्ड, कांग्रेस सभापति शेरबहादुर देउवा, एकीकृत समाजवादीका अध्यक्ष माधव नेपालले सम्झाइबुझाइ गरे पनि नमानेका राउतले उपराष्ट्रपति चुनावमा समेत अलग्गै उम्मेदवारी दर्ता गराए।

शृंखलाबद्ध असहमतिका बीच गठबन्धनमा लामो समयसँगै बसिराख्दा मतदाताले नयाँ पार्टीको औचित्यमाथि नै प्रश्न उठाउन सक्ने भएकाले केही नयाँ निर्णय तयार हुनुपर्ने राउतले पार्टीभित्र भन्न थालेका छन् । जनमत पार्टीभित्र भावी राजनीतिक कोर्सका बारेमा छलफल सुरु भएको पार्टीका एक उच्च नेताले सुनाए।

अध्यक्ष राउतले प्रधानमन्त्री प्रचण्डलाई विरोधका लिखित बुँदा नै थमाएका थिए, जसमा सत्ता गठबन्धनको कार्यशैलीसँग उनको चित्त नबुझेको छनक प्रष्टै पाउन सकिन्छ।

प्रधानमन्त्री प्रचण्डले नेतृत्व गरिरहेको सत्ता गठबन्धनमा नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, जनता समाजवादी पार्टी, नेकपा एकीकृत समाजवादी, जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टी छन्।

प्रतिनिधिसभामा एकीकृत समाजवादीसँग १० सिट छ भने जनमत पार्टीसँग ६ सिट रहेको छ। सरकारमा एकीकृत समाजवादीबाट उपाध्यक्ष वेदुराम भुसाल कृषिमन्त्री, उपमहासचिव प्रकाश ज्वाला भौतिक पूर्वाधार तथा यातायातमन्त्री छन् भने चन्दा चापागाईं राज्यमन्त्री छिन् । जनमत पार्टीबाट संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री अनिता देवी छिन् । राउतले आवश्यक परेका बेला मन्त्री फिर्ता आउन तयार हुनुपर्ने संकेत गरिसकेका छन्। राष्ट्रिय सभा चुनावलगत्तै प्रधानमन्त्री प्रचण्ड र राउतबीच वारपार हुनसक्ने स्रोतको दावी छ।

# आज स्वाभिमान दिवस

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारले आज स्वाभिमान दिवस मनाउँदै छ। प्रदेशसभाबाट तत्कालीन प्रदेश नम्बर २ को नाम मधेश प्रदेश र जनकपुरधामलाई स्थायी राजधानी सर्वसम्मतरुपमा पारित भएको दिनलाई स्मरण गर्दै पहिलो पटक मधेश प्रदेश सरकारले स्वाभिमान दिवस मनाउन लागेको छ।

प्रदेश सांसद प्रमोद कुमार जैसवालले करिब एक साता अघि देखि नै स्वाभिमान दिवस मनाउने योजना रहेको भन्दै उनले प्रत्येक निर्वाचन क्षेत्रमासमेत दिवस मनाउने जानकारी दिए।

स्वाभिमान दिवसको अवसरमा मुख्यमन्त्री सरोजकुमार यादवले एक वर्षे कार्य प्रगति विवरणसमेत सार्वजनिक गर्ने भएकाछन्। मधेश प्रदेशको तत्कालीन मुख्यमन्त्री लालबाबु राउतकै पालादेखि प्रदेशको नाम र स्थायी राजधानीको नामकरणका लागि भरपुर प्रयास गरे पनि सफलता पाउन सकेको थिएन।

प्रदेशको नाम र स्थायी राजधानीका लागि प्रदेशसभामा तीन पटक चुनाव भएको थियो भने आन्दोलनसमेत भएको थियो। प्रदेशसभामा संसदीय दलहरु विभाजित हुँदै आ-आफ्नै अडानमा रहँदा प्रदेशको नामकरण र स्थायी राजधानी हुन नसक्दा लामो समयसम्म अन्योलमा पर्दै आएको थियो।






# इन्जिनियरिङ पढ्ने भवन नै जीर्ण

**टुडे समाचारदाता**

ललितपुर । ललितपुरको पुल्चोकमा राणा शासनको समयका प्रधानमन्त्री वीर शम्शेरले आनन्द शम्शेरका लागि निर्माण गरेको ऐतिहासिक राणाकालीन दरबार छ । यही ऐतिहासिक दरबारमा त्रिभुवन विश्वविद्यालयअन्तर्गतको इन्जिनियरिङ अध्ययन संस्थान र पुल्चोक क्याम्पसको प्रशासन कार्यालय छ।

वास्तुकला र युरोपेली शैलीमा निर्माण भएको आनन्द निकेतन राणाकालीन ऐतिहासिक दरबारमा विसं २०२३ देखि नेपाल इन्जिनियरिङ इन्स्टिच्युट सरेको थियो । दरबार परिसरमा इन्जिनियरिङ अध्ययन संस्थानका पहिलो डिन कुलरत्न तुलाधरको प्रतिमासमेत निर्माण गरिएको छ।

विसं १९९० को भूकम्पले सामान्य क्षति पुऱ्याए पनि विसं २०७२ को भूकम्पले इन्जिनियरिङ अध्ययन संस्थानको प्रशासन रहेको आनन्द निकेतन दबारलाई क्षति पुऱ्याएको थियो । भूकम्पले जीर्ण अवस्थामा रहेको ऐतिहासिक दरबारलाई इन्जिनियरिङ अध्ययन संस्थान र पुल्चोक इन्जिनियरिङ क्याम्पस प्रशासनले मर्मत गरेर सञ्चालन गरेको छ।

ललितपुरमा रहेका ऐतिहासिक राणाकालीन दरबारहरु, हरिहर भवन र नारायण भवन संरक्षणको अभावमा अलपत्र छन् । पुल्चोकको आनन्द भवन भने मर्मतपछि प्रयोगमा आएको छ । भूकम्पपछि पानी चुहिने समस्या रहेको ऐतिहासिक दरबारलाई मर्मत गरेर पानी नचुहिने बनाएको क्याम्पस प्रमुख इन्द्रप्रसाद आचार्यले जनाए। विसं २०७२ को भूकम्पपछि भारत सरकारबाट रु दुई अर्ब १९ करोड रकम इन्जिनियरिङ अध्ययन संस्थानका भवन पुनःनिर्माणका लागि दिने सम्झौता भए पनि हालसम्म सहयोग नआएको पुल्चोक क्याम्पसका प्रमुख आचार्यले जानकारी दिए। भारत सरकारबाट आउने रु दुई अर्ब १९ करोड रकममध्येमा ३५ करोड रकम आनन्द निकेतन भवनको पुनःनिर्माणका लागि हो। विस्तृत परियोजना प्रस्ताव तयार भए पनि सम्झौता अनुसार अझै काम सुरु भएको छैन । ऐतिहासिक दरबार भूकम्पपछि चारैतिर चर्केको छ । कतिपय झ्याल फुटेका छन्। भवन जीर्ण अवस्थामा रहे पनि विज्ञको सल्लाहअनुसार मर्मत गरेर कार्यालय सञ्चालन गर्न मिल्ने भएपछि कार्यालय यथावत् राखेको उहाँको भनाइ छ।

पुल्चोक इन्जिनियरिङ क्याम्पसमा अहिले पनि सयौं विद्यार्थी इन्जिनियरिङ अध्ययन गरिरहका छन् । यही क्याम्पसमा इन्जिनियरिङ पढेर धेरै विद्यार्थी इन्जिनियर बनेका छन्। भूकम्पपछि जीर्ण अवस्थामा रहेको ऐतिहासिक आनन्द निकेतन दरबार पुनःनिर्माणको पखाइमा भए पनि निर्माणका लागि भने कुनै निकायले चासो देखाएका छैनन्।

# नसर्ने रोगको उपचार सेवा विस्तार गरिँदै

**टुडे समाचारदाता**

काठमाण्डु । सरकारले नसर्ने रोगका कारण हुने सामाजिक र आर्थिक भार तथा मानवीय क्षतिलाई कम गर्न उपचार सेवाको पहुँचलाई विस्तार गर्ने लक्ष्य लिइएको छ।

यसका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले बहुक्षेत्रीय कार्ययोजना र रणनीति कार्यान्वयनमा ल्याएको छ । पछिल्लो समय मुटु , पक्षघात, उच्च रक्तचाप, क्यान्सर, मधुमेह, दम जस्ता रोगीको संख्या बढ्दै गएको जनाइएको छ।



राष्ट्रियसभा, राष्ट्रिय सरोकार तथा समन्वय समितिको मंगलबारको बैठकमा मन्त्रालयका सचिव डा रोशन पोखरेलले प्राथमिक सेवाद्वारा रोगको प्रभावकारी तथा स्रोतले भ्याउन सक्ने रोकथाम तथा उपचारलाई सरकारले प्राथमिकतामा राखेको जानकारी दिए । नसर्ने रोगको उपचारमा एकरुपता, समयमै गुणस्तरीय निदान, रोकथाम तथा नियन्त्रणका लागि परामर्श, स्वास्थ्य संस्था, विद्यालय र समुदायबीच समन्वय तथा स्वास्थ्य सेवामा समतामूलक पहुँच र कार्यदक्षता बढाउने रणनीतिको उद्देश्य रहेको छ।

एक व्यक्तिबाट अर्को व्यक्तिमा नसर्ने, सूक्ष्म जीवाणुका माध्यमबाट नहुने रोगलाई साधारणतया नसर्ने रोग भन्ने गरिन्छ। विश्व स्वास्थ्य सङ्गठनका सदस्य राष्ट्रले नसर्ने रोगका कारण हुने अल्पायु मृत्य सन् २०२५ सम्ममा २५ प्रतिशतले घटाउने लक्ष्य लिएका छन् । दिगो विकास लक्ष्यले समेत एक तिहाइ नसर्ने रोगका कारणले हुने मृत्यु घटाउने लक्ष्य लिएको छ । उक्त लक्ष्य प्राप्तिका निम्ति सदस्य राष्ट्रले विभिन्न रणनीतिक कार्ययोजना र अवधारणसहित मार्गचित्र कोरेका छन्।

त्यस पक्षलाई ध्यान दिँदै नेपाले पनि नसर्ने रोगको रोकथाम र नियन्त्रणका लागि नीतिगत, रणीतिगत विभिन्न कार्ययोजना अघि सारेको छ । व्यक्तिको अल्पायुमै मृत्य हुने तथा स्वास्थय क्षेत्रमा धेरै धनराशिको खर्च गराउने यी रोगहरु पछिल्लो समय विश्वका प्रमुख महामारीका रुपमा देखापरिरहेको छ । लामो अवधि र साधारणतया सुस्त गतिमा प्रभाव पार्ने मुटु तथा रक्तनलीका रोग, मिर्गौला, मधुमेह, दीर्घ श्वासप्रश्वास र क्यान्सरलगायत नसर्ने रोगको सूचीमा पर्छन् । मोटोपन, रक्तचाप, रगतमा गुल्कोज, धुम्रपान तथा सुर्तीजन्य पदार्थको प्रयोग र मद्यपान, अस्वस्थ्य खानपिन, पर्याप्त शारीरिक गतिविधिजस्ता व्यवहारले यी रोग निम्त्याउँछ।

नसर्ने रोगकै कारण ७१ प्रतिशत मानिसको मृत्यु हुँदै आएको छ। २१ प्रतिशत भने विभिन्न सरुवा रोगबाट मानिसको ज्यान जाने मन्त्रालयको भनाइ छ । बाँकी दैवीप्रकोप, दुर्घटना र आत्महत्याजस्ता विभिन्न कारणबाट मानिसको ज्यान जाने गर्छ । एक तथ्याङ्कअनुसार १७ प्रतिशत महिला र २९।८ प्रतिशत व्यक्तिले कुनै न कुनै प्रकारको तनाव झेल्नु परेको भए तापनि त्यसमध्ये ९० प्रतिशतले कुनै उपचार नगराउने गरेको सचिव डा पोखरेलले बताए।

यसैबीच, आगामी सन् २०३० सम्ममा मधुमेहले गर्दा लाग्ने रोगका कारण मृत्यु हुनेको संख्या बढेर ११ प्रतिशतसम्म पुग्ने अनुमान गरिएको छ । लगभग ९६।७ प्रतिशत मानिस सिफारिसअनुसार खानुपर्ने सागसब्जी र फलफूल खाँदैनन् । नसर्ने रोगका प्रमुख कारकमा शारीरिक निष्क्रियता, धुम्रपान, मद्यपानको प्रयोग र अस्वस्थ्य खानपान नै हुन् । नसर्ने रोगका लागि मानिसका लागि प्रभावकारी तथा समतामूलक रोकथाम, उपचार तथा हेरचाह भएको जनाइएको छ।

मन्त्रालयका अर्का सचिव देवकुमारी गुरागाईंले राज्यबाट प्रदान गरिने स्वास्थ्य उपचारसम्बन्धी सेवा र सुविधाबारे अझै धेरैलाई थाहा नभएकाले प्रचारप्रसारको व्यापक आवश्यकता भएको बताउँदै उपलब्ध जनशक्ति र पूर्वाधारको अधिकतम प्रयोग गर्नेमा राज्यको ध्यान जान जरुरी रहेको धारणा राखे।

समिति सभापति दिलकुमारी थापाले सरकारको नीति कार्यान्वयन गर्ने सिलसिलामा कहीँ कतै समस्या र अड्चन भएमा समिति बाटो फुकाउन हरदम तयार रहेको विश्वास दिलाए।

# टुँडिखेलका घाइतेमध्ये १५ 'डिस्चार्ज'

**टुडे समाचारदाता**



काठमाण्डु । सोमबार दिउँसो काठमाडौंको टुँडिखेलमा माघी मनाउन गएकाहरुबीच भागदौडमा परेर घाइते भएका १६ मध्ये १५ जना उपचारपछि घर फर्किएका छन् । एकजनाको भने वीर अस्पतालको राष्ट्रिय ट्रमा सेन्टरमा अहिले पनि उपचार भइरहेको छ।

टुँडिखेलमा माघे सङ्क्रान्तिका अवसरमा मगर र थारू समुदायले आयोजना गरेको अलगअलग कार्यक्रममा सर्वसाधारणको अत्यधिक भीडका कारण चेपिएर १६ जना घाइते हुन पुगेका र उपचारपछि १५ जना घर फर्किएका काठमाडौं जिल्ला प्रहरी परिसरका प्रवक्ता तथा प्रहरी उपरीक्षक कुमोध ढुङ्गेलले जानकारी दिए।

उनले भने, "सोमबार दिउँसो टुँडिखेलमा ठूलो संख्यामा थारू र मगर समुदाय भेला भएका थिए, अत्यधिक भीड हुँदा ठेलमठेलमा परेर १६ जना घाइते भएकामा र उचारपछि १५ जना 'डिस्चार्ज' भएका छन्, एकजना उदयपुर रौतामाई गाउँपालिका-८ घर भई हाल काठमाडौं मनमैजु बस्ने १४ वर्षीया करिश्मा मगरको भने राष्ट्रिय ट्रमा सेन्टरमा उपचार भइरहेको छ।"

भागदौडमा घाइते हुनेमा १२ वर्षीया त्रिसना मगर, १२ वर्षीया अञ्जना तामाङ, १९ वर्षीया रेजिना घले, १६ वर्षीया निकिता मगर, ३० वर्षीया रेखा चौधरी र १६ वर्षीया अनिसा केसी छन्। यसैगरी, २५ वर्षीया कल्पना चौधरी, २२ वर्षीया मन्दिरा बस्नेत, ४० वर्षीया मीना थापा, १९ वर्षीया रिजा रेस्मी मगर, प्रहरी जवान पृथ्वी बुढामगर, २५ वर्षीया निशा राना थापा, २२ वर्षीया निर्मला श्रेष्ठ, २७ वर्षीया रश्मी नेपाल, ११ वर्षीया युनिका बराल र १४ वर्षीया करिश्मा मगर रहेका उनले बताए । महोत्सवमा पस्ने र निस्कनेबीच धकेलाधकेल हुँदा उनीहरु घाइते भएका थिए।

# दश महिनापछि देखियो कोरोना

**टुडे समाचारदाता**

चितवन । चितवनमा १० महिनापछि कोरोना सङ्क्रमण देखिएको छ।

भरतपुर अस्पतालका सूचना अधिकारी गोपाल पौडेलका अनुसार आइतबार र मंगलबार गरिएका छुट्टाछुट्टै परीक्षणमा २९ वर्षे र ६६ वर्षे पुरुषमा कोरोना सङ्क्रमण पुष्टि भएको हो।

निमोनियाका कारण उपचारका लागि अस्पताल आउनुभएका वृद्धको कोरोना परीक्षणका क्रममा सङ्क्रमण पुष्टी भएपछि उनलाई अस्पतालमै राखी उपचार सुरु गरिएको सूचना अधिकारी पौडेलले बताए। साथै २९ वर्षे पुरुषलाई होम आइसोलेसनमा राखिएको उनको भनाइ छ।

जिल्लामा १० महिनापछि पुनः कोरोनाको सङ्क्रमण देखिएको स्वास्थ्य कार्यालय चितवनकी जनस्वास्थ्य अधिकृत गीताञ्जली ढकालले जानकारी दिए। जिल्लामा पछिल्लो पटक गत चैतमा कोरोना सङ्क्रमण देखिएको थियो।

कोरोना सङ्क्रमण देखिएपछि स्वास्थ्य कार्यालय चितवनले सबैलाई सतर्कता अपनाउनका लागि अनुरोध गरेको छ।

कार्यालयले कोरोना सङ्क्रमणबाट बच्न सामाजिक दुरी कायम गर्ने, माक्सको प्रयोग गर्ने, साबुन पानीले हात धुन सुझाव दिएको छ।

# हरित अभियानी काफ्लेलाई अन्तरराष्ट्रिय अवार्ड



**टुडे समाचारदाता**

जानकी । नेपालगञ्जका हरित अभियानकर्मी हेमन्तराज काफ्ले भारतको हरियाणामा अन्तरराष्ट्रिय अवार्डबाट सम्मानित भएका छन्। लेक्स फाउन्डेसनको आयोजनामा भारतको हरियाणामा सोमबार आयोजित दुईदिने अन्तरराष्ट्रिय सम्मेलनमा उनी सम्मानित भएका हुन्।

हरित अभियानकर्मी हेमन्तलाई बिजेपीका विधानसभा सांसद मोहनलाल बडोलीले सम्मान गर्नुभएको थियो। योभन्दा पहिला पनि अन्तराष्ट्रिय अवार्डबाट काफ्ले सम्मानित भएका थिए। उनी सन् २०२० मा समरस्ता अन्तरराष्ट्रिय अवार्ड भारत, २०२१ मा डब्लुडब्लुएफ कन्जरभेसन अवार्ड, २०२३ मा एभरेष्ट इन्टरनेसनल क्लाइमेट एक्सन अवार्ड र हालै २०२४ मा भारतको हरियाणामा ट्रिमेन अवार्डबाट सम्मानित भएका छन्।

चालिस वर्षीय काफ्लेले झन्डै डेढ दशकदेखि नेपालगञ्जलाई कर्मथलो बनाएर हरित अभियानका रुपमा निरन्तर लागिरहेका छन्। 'गिभ मी सिड आई विल गिभ यू ट्रिसु' भन्ने मूल नाराका साथ अगाडि बढेका काफ्लेको अभियानलाई भारत, जर्मनी, अमेरिका, दक्षिण अफ्रिकाबाट रूखका बीउ प्राप्त हुने गरेको छ।

विदेशी मुलुकबाट प्राप्त बीउमध्ये विशेषगरी कल्पवृक्षको बीउलाई उमारेर बिरुवा बनाई उनले बाँकेका विभिन्न धार्मिकस्थलमा लगाउने गरेका छन्। मेरो हरित अभियानबाट प्रभावित भएर अन्य देशबाट कल्पवृक्षका बीउ उपहारमा प्राप्त हुने गरेका छन्। उनले भने, "ती कल्पवृक्षका बीउलाई बिरुवा बनाई मैले यस क्षेत्रका विभिन्न धार्मिकस्थलमा लगाउने गरेको छु।

कल्पवृक्ष अभियानअन्तर्गत नेपालका धार्मिकस्थल पशुपतिनाथ, सुर्खेतको देउती बज्यै, सल्यानको छत्रेश्वरी, प्यूठानको स्वर्गद्वारी, नेपालगञ्जको हनुमानगढीलगायत भिन्न जिल्लामा कल्पवृक्ष लगाएका छन्। काफ्लेले जो कसैको विशेष दिनमा सम्झनास्वरूप कल्पवृक्ष र शीतलचिनीको बिरुवा उपहारस्वरूप दिने गरेको पनि बताए।

साथै उनले सुरु गरेको शीतलचिनीको बिरुवा बाँड्ने अभियान संसारभर फैलिँदै गएको जनाइएको छ। हरित अभियानकर्मी काफ्लेले नेपालगञ्जका सरकारी कार्यालय, विद्यालय र सडकको ग्रिनबेल्टमा शीतलचिनीका हजारौं बिरुवा लगाएर बाँकेलाई हरियाली बनाएका छन्।

# 'विधायनलाई गुणस्तरीय र एकरुपता बनाउन विधेयक महत्वपूर्ण'

**टुडे समाचारदाता**

काठमाण्डु। कानुन, न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङले गुणस्तरीय र एकरुपताका लागि 'विधायन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' महत्वपूर्ण भएको बताएका छन्।

राष्ट्रियसभा अन्तर्गतको विधायन व्यवस्थापन समितिको मंगलबारको बैठकमा विधायन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथिको सैद्धान्तिक छलफलका क्रममा मन्त्री गुरुङले संसद्मा विधेयक पेश गर्नुअघि पूरा गर्नुपर्ने प्रक्रिया तथा प्रत्यायोजित विधायन जारी गर्दा अपनाउनुपर्ने प्रक्रियालाई व्यवस्थापन गर्न विधेयक तर्जुमा गरिएको बताए।

"सङ्घीय संसद्बाट निर्माण हुने कानुनलाई गुणस्तरीय बनाई कानुन निर्माणमा एकरुपतामा कायम गर्न, जारी भएका ऐनको व्यवस्थित अभिलेख राख्न, ऐनबाट प्रत्यायोजित अधिकार प्रयोग गरी विधायन निर्माण भए वा नभएको जाँच गर्ने र विधान व्यवस्थापनसम्बन्धी प्रावधानका सम्बन्धमा विधेयक महत्वपूर्ण छ। संशोधन प्रस्तावलाई गहन अध्ययन र छलफल गरी विधेयकलाई अझ मजबुत बनाउन आवश्यक छ", मन्त्री गुरुङले भने । प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिका सभापति मायाप्रसाद शर्माले प्रत्यायोजित विधायनको सिद्धान्तविपरीत बनेका कानुनलाई व्यवस्थित गर्ने विधेयकलाई सुदृढ बनाई पूर्णता दिन आवश्यक रहेको औंल्याए।

बैठकमा सांसद खिमलाल देवकोटाले मुलुकमा प्रत्यायोजित विधायन मूल कानुनभन्दा माथि हुँदा अनियमितताको मार्गदर्शन कोरेको दाबी गर्दै उक्त विधेयकले व्यवस्थापन गर्न टेवा पुऱ्याउने विश्वास व्यक्त गरे। समितिका उपसचिव नुमराज खनाल शर्माले विधायनलाई नियमन गर्ने यसअघि अन्य छुट्टै कानुन नभएको स्मरण गराउँदै विधायनको निर्माण, अभिलेख तथा व्यवस्थापनसम्बन्धी कामलाई थप व्यवस्थित गर्न मद्दत पुग्ने बताए।

समितिका सदस्य विधेयकको मस्यौदा तय गर्दा सांसदको सहभागिता आवश्यक रहको, संसद्मा हुने छलफलको चरण विधेयकमा हुनुपर्ने, विधेयकलाई लोकतान्त्रिक बनाउन सम्बन्धित विज्ञ, सरोकारवालाको सहभागिता हुनुपर्ने, विधेयकलाई थप व्यवस्थित र परिस्कृत बनाउनुपर्ने, विधायन नियमसङ्गत भए नभएको यकिन गर्न दर्ता गर्नुपूर्व कार्यसूची बनाउनुपर्नेलगायतका विषय उठान गरेका थिए।

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : प्रेम प्रसंग, मित्र सुख । |
| बृष | : सुख समृद्धि हुने । |
| मिथून | : भ्रमण अवसर हुने । |
| कर्कट | : अवसर प्राप्त । |
| सिंह | : वाद विवादबाट बच्नु । |
| कन्या | : पुरस्कार प्राप्त लाभ । |
| तुला | : नयाँ कार्य हुने । |
| वृश्चिक | : बौद्धिक क्षमता । |
| धनु | : प्रतिभा सम्पन्नता । |
| मकर | : शिक्षामा उन्नति । |
| कुम्भ | : पारिवाहिक सुख । |
| मीन | : धन वृद्धि सञ्चय । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू



जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



बिदेह नगरपालिका-६ तिनकौरिया चौकस्थित हाटबजारमा बिक्रीका लागि राखिएका घरायसी प्रयोजनमा प्रयोग गरिने हतियार। *तस्बिर : रासस*

# महसुल नतिरेपछि खानेपानी धाराको लाइन काट्ने तयारी

**टुडे समाचारदाता**

वीरगञ्ज । नेपाल खोनेपानी संस्थानले वीरगञ्ज महानगरपालिकाको सार्वजनिक स्थानमा जडान गरेको दुई सय ७८ धाराको लाइन काट्ने तयारी गरेको छ । सार्वजनिक स्थानमा जडान गरिएका धाराको महसुलबापतको रकम महानगरपालिकाले भुक्तानी गर्न आनाकानी गरेपछि संस्थानले ती सबै धाराको लाइन काट्ने तयारी गरेको छ।

खानेपानीको मुहान सुकेर पानीको समस्या भएका बेला महानगरपालिकाले महसुल भुक्तानी गर्ने गरी धारा जडान गरिदिन पत्राचार गरेपछि संस्थानले गत २०८० साउनमा वडा नं १ देखि वडा नं १९ सम्मको विभिन्न सार्वजनिक स्थानमा दुई सय ७८ धारा जडान गरेको थियो। धारा जडान भएयता महानगरपालिकाले खानेपानी महसुल भुक्तानी नगरेपछि ती धाराको लाइन काट्ने तयारी गरिएको नेपाल खानेपानी संस्थान वीरगञ्जका प्रमुख इन्जिनियर निरन महर्जनले जानकारी दिए।

"सार्वजनिक स्थानमा जडान भएका ती सबै धारा जडानलागत तथा मासिक महसुल करिब ४४ लाखभन्दा बढी बक्यौता भइसकेको छ", उनले भने, "बक्यौता महसुल बुझाउन गत २०८० असोज २५ गते नै महानगरपालिकालाई पत्राचार गरे पनि अझै महसुल बुझाएको छैन।"

महानगरपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद पौडलले खानेपानी महसुल बुझाउने प्रतिबद्धता जनाएको र उनको अन्यत्र सरुवा भएपछि यसयता महानगरपालिकाबाट महसुल बुझाउने ठोस प्रतिवद्धता आउन नसकेको जनाइएको छ।

महानगरपालिकाले अब पनि महसुल नबुझाए बाध्य भएर सार्वजनिक स्थानमा जडान भएका धाराको लाइन काट्ने तयारी गरेको प्रमुख महर्जनको भनाइ छ। यस्तै नेपाल खानेपानी संस्थान वीरगञ्ज पर्साले लामो समयदेखि खानेपानीको महसुल नबुझाउने २३ ग्राहकको धाराको काटेको छ । धाराको पानी उपभोग गर्ने तर महसुल नबुझाउने परिपाटी बढ्दै गएपछि संस्थानले पहिलो चरणमा ५० हजारभन्दा बढी बक्यौता राख्ने पाँच सय ४२ ग्राहकको नाम कालोसूचीमा राखेर धाराको लाइन काट्न सुरु गरेको छ।

महसुल बुझाउन पटक-पटक पत्राचार गरे पनि ग्राहकले बक्यौता बुझाउन आलटाल गर्दै आएपछि धाराको लाइन काट्न सुरु गरिएको प्रमुख महर्जनले जानकारी दिए । संस्थानले ग्राहकबाट करिब १२ करोड २५ लाख ७९ हजारभन्दा बढी बक्यौता रकम उठाउन बाँकी रहेको जनाएको छ। संस्थानले एउटै ग्राहकबाट दुई लाखभन्दा बढीसम्म बक्यौता उठाउनुपर्ने देखिएकाले कालोसूचीमा राखेर सूची प्रकाशन गरी धाराको लाइन काटेरै भए पनि बक्यौता असुल गर्ने योजना बनाएको उनले जानकारी दिए।

खानेपानी उपभोग गरेबापतको महसुल नबुझाउनेमा पूर्वमन्त्री, पूर्वन्यायाधीस, उद्योगी-व्यवसायी, समाजसेवी, विभिन्न दलका नेता, कर्मचारी प्रशासकको नामसमेत रहेको संस्थानका प्रमुख महर्जनले बताए। महसुल नतिर्नेको सूचीमा रहेका व्यक्तिको नाम स्थानीय तहका वडा-वडामा टाँस गरिएको र पटक-पटक स्थानीय पत्रिकामा सार्वजनिक गर्दा पनि अझै बक्यौता रकम उठाउन नसकिएको उनको भनाइ छ।

महानगरपालिकाभित्र खानेपानी संस्थानका आठ हजार ग्राहक रहेकामा सात हजारले महसुल तिरिरहेको तर पुरानो बक्यौताको रकम उठाउन नसकिएको जनाइएको छ। उनले ताकेता गर्दासमेत रकम उठाउन नसक्ने भएपछि धारा काटैर रकम असुल गर्ने अवस्थामा संस्थान पुगेको बताए।

वीरगञ्ज महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मातृका भट्टराईले आफू भर्खरै सरुवा भएर आएकाले यस विषयमा धेरै कुरा थाहा नभएको बताए । कुल दुई लाख पाँच हजार जनसंख्या रहेको वीरगञ्ज महानगरपालिकाभित्र खानेपानी संस्थानबाट आठ हजार एक सय ग्राहकले नियमित खानेपानीको उपभोग गर्दै आएका छन् ।

दैनिक ६०-६५ लाख लिटर खानेपानी उत्पादन गरी वीरगञ्ज महानगर क्षेत्रभित्र वितरण गर्दै आएको खानेपानी संस्थानसँग २० हजार घरधुरीलाई खानेपानी वितरण गर्ने क्षमता रहेको प्रमुख महर्जनको भनाइ छ।

# दिगो विकासबारे राष्ट्रिय स्वेच्छिक समीक्षा गर्दै




**टुडे समाचारदाता**

काठमाण्डु । नेपालले आगामी असार (जुलाई) महिनाभित्र दिगो विकाससम्बन्धी 'राष्ट्रिय स्वेच्छिक समीक्षा' (भोलन्टरी नेशनल रिभ्यु-भिएनआर) प्रतिवेदन तयार पारी संयुक्त राष्ट्रसङ्घ (युएन)अन्तर्गतको उच्चस्तरीय राजनीतिक मञ्चको बैठकमा प्रस्तुत गर्ने भएको छ। राष्ट्रिय योजना आयोगले मंगलबार काठमाडौँमा राष्ट्रिय स्वेच्छिक समीक्षा कार्यशालामा आयोजना गर्दै विभिन्न क्षेत्रबाट सुझाव लिएको छ। दिगो विकास लक्ष्यका सम्बन्धमा नेपालले सन् २०२३ सम्ममा हासिल गरेका उपलब्धिको समीक्षा र अबको कार्यदिशाबारे राय-सुझाव लिएको हो । यसअघि नेपालले पहिलोपटक सन् २०१७ र दोस्रोपटक सन् २०२० मा समीक्षा गरेको थियो । अबको छ महिनाभित्रका तेस्रोपटक समीक्षा गरिने आयोगले जनाएको छ।

कार्यशालामा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा मीनबहादुर श्रेष्ठले दिगो विकास लक्ष्य प्राप्तिमा नेपालले गरिरहेको काम र नतिजाको समीक्षा, अरु देशका राम्रा अभ्यास, विभिन्न निकाय तथा सरोकारवालासँग समन्वय तथा सहाकार्य र राय सुझाव लिनका लागि कार्यशाला आयोजना गरिएको जानकारी दिए। दिगो विकास लक्ष्य प्राप्तिका लागि नेपाल पूर्णरुपमा प्रतिबद्ध रहेको र निर्धारित लक्ष्य प्राप्त गर्न सङ्घ, प्रदेश र स्थानीय तह गरी तीनवटै तहका सरकारले भूमिका निभाइरहेको उनको भनाइ छ ।"दिगो विकास लक्ष्यको स्थानीयकरण भएको छ। आवधिक योजना, मध्यमकालीन खर्च संरचना तथा वार्षिक नीति तथा कार्यक्रम र बजेटले दिगो विकास लक्ष्यसम्बन्धी विषयलाई प्राथमिकताका साथ समेटेका छन् । दिगो विकास लक्ष्य प्राप्तिसँग जोडिएका योजना तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कनको काम प्रभावकारी ढङ्गले भएको छ", उनले भने।

आगामी आर्थिक वर्ष २०८१/०८२ बाट लागू हुनेगरी तयार भइरहेको सोह्रौँ पञ्चवर्षीय आवधिक योजनाले पनि अतिकम विकसित मुलुकबाट स्तरोन्नति र सन् २०३० सम्ममा दिगो विकास लक्ष्य पूरा गर्ने लक्ष्यसहित कार्ययोजनासहित मस्यौदा तयार भइरहेको श्रेष्ठले बताए । दिगो विकाससम्बन्धी तेस्रो राष्ट्रिय स्वेच्छिक समीक्षा तयार गर्नका लागि राष्ट्रिय योजना आयोगको उपाध्यक्षको संयोजकत्वमा रहेको दिगो विकास कार्यान्वयन तथा अनुगमन समितिले काम गरिरहेको छ।

आयोगको आर्थिक व्यवस्थापन महाशाखाले सचिवालयको रुपमा काम गरिरहेको छ । नेपालले यो प्रतिवेदन आगामी जुलाईमा सयुक्त राष्ट्रसङ्घ अन्तर्गतको उच्चस्तरीय राजनीतिक मञ्चको बैठकमा प्रस्तुत गर्ने पनि उपाध्यक्ष श्रेष्ठले बताउनुभयो । कार्यक्रममा संयुक्त राष्ट्रसङ्घको नेपालका लागि आवासीय संयोजक हाना सिङ्गर हाम्डीले दिगो विकास लक्ष्य प्राप्तिका लागि नेपालले गरिरहेका कामको प्रशंसा गर्दै थप प्रगतिमूलक नतिजाका लागि प्रयास गर्नुपर्ने बताए।

# बिरामीको फाइल अस्पतालमै हराउँछ

**टुडे समाचारदाता**

चितवन । भरतपुरको बिपी कोइराला मेमोरियल क्यान्सर अस्पताल आउने बिरामीको नाम दर्ता गरेसँगै कर्मचारीको पहिलो काम हुन्छ, बिरामीको फाइल तयार गर्ने । नाम दर्ता गरेपछि फाइल खोजेर बिरामीलाई परिचयपत्र दिइन्छ। बिरामीका हरेक परीक्षणहरु त्यो फाइलमा थपिँदै जान्छन् । फाइलमा भएको इतिहास (हिस्ट्री) हेरेर चिकित्सकले पटकैपिच्छे थप उपचारका लागि प्रक्रिया अघि बढाउँछन् ।

यो फाइल बिरामीले लैजान पाउँदैन अस्पतालमै रहन्छ। अर्को पटक आउँदा पहिला दर्ता गरेको परिचयपत्र हेरेर खोजिन्छ तर यही फाइल अस्पतालबाटै गायब हुन्छभन्दा अचम्म लाग्छ । यहाँ आउने बिरामीका लागि सबैभन्दा ठूलो समस्या नै फाइल हराउने हो । क्यान्सरका बिरामीका लागि एक पटक आएर उपचार सम्भव छैन । पटकपटक अस्पताल आउने ती बिरामीको फाइल हराएपछि उपचारमै समस्या हुँदै आएको छ । आउने बिरामीलाई विभिन्न बहानामा दुःख दिएर निजी अस्पताल पठाउने खेल पनि योसँगै जोडिने गरेको पीडितको गुनासो थियो ।

उपचारका लागि सासू लिएर आउनुभएकी सर्लाहीकी मञ्जु पौडेल अघिल्लो पटक उपचारका पछि छोडिएको फाइल खोज्दै अस्पतालमा भौँतारिदै थिईन् । उनले गुनासो गरिन्, "एक महिनाअघि उपचार गरेर फाइल यही छोडेर गइयो तर अहिले भेटिएकै छैन। रेकर्ड शाखामा गयो चिकित्सकको कार्यकक्षमा पुगेको छ भन्छन्, तर यहाँ आयो उतै होला भन्छन् ।"

त्रिहत्तर वर्षीया सासू राधिकाकुमारी सापकोटाको उपचारका लागि अस्पताल आइरहनुपर्ने र यहाँ फाइल नभेटिने समस्या सधैँ हुने गरेको उल्लेख गर्दै मञ्जुले भनिन्, "बिहान ५ बजे टोकन लिएपछि ७ बजे टिकट काटेर बिरामी लिएर आउँदा फाइल नै हराउँछ। कस्तो गैरजिम्मेवारपन हो यो ।"

अस्पतालले बिरामीको रेकर्ड फाइल अस्पतालमै सुरक्षित छोड्न भन्दै आए पनि अब फाइल नभेटिए केका आधारमा उपचार सुरु गर्ने ? यस्तो लापरबाहीले त जनताले सास्ती पाउने उनले बताईन् । मञ्जु मात्रै होइन कपिलवस्तुबाट उपचारका लागि आएकी ५८ वर्षीया सानीमाया कुँवर आफ्नो फाइल हराएपछि फोटोकपी गरेर राखेको कागजले उपचार गराइरहेको बताईन् । उनले भनिन्, "यसअघि आउँदा मेरो फाइल हराएकाले मैले फोटोकपी गरेर राखेको थिएँ, त्यसैका आधारमा उपचार गराइरहेकी छु ।"

लामो समयदेखि पाठेघरको क्यान्सरको उपचार गराउँदै आएकी उनले फाइल हराउने र समयमा उपचार नपाउने यस अस्पतालको बिशेषता नै भएको बताईन् । सानीमायाले भनिन्, "उपचारका लागि टाढाबाट आउनुपर्छ । यहाँ आउँदा कहिले के भन्छन् कहिले के । हामीले निकै सास्ती पाउने गरेका छौं ।"

अस्पतालका कर्मचारीहरुको रुखो बोलीका कारण झनै समस्या बन्ने गरेको, उपचार राम्रो भए पनि केमो दिनुपर्ने बिरामीले पालो कुर्नुपर्ने, केमो अस्पतालमा नपाएर बाहिरबाट किन्नुपर्नेजस्ता समस्या हुनाका साथै सक्कल रिपोर्ट कार्ड हराउँदा उपचारमा समस्या हुने गरेको उनको गुनासो थियो ।

तनहुँबाट उपचारका लागि अस्पताल आएकी जमुना न्यौपाने अस्पतालका कर्मचारीको व्यवहारका कारण बिरामीले दुःख पाउने गरेको बताईन् । उपचारका लागि आएको पाँचदेखि सात दिनसम्म रोकिनुपर्ने उनको भनाइ थियो । पाँच वर्षदेखि जिब्राको क्यान्सरको उपचार गराउँदै आएकी जमुना अस्पतालमा छोडिएको फाइल हराउनु, समयमा उपचार नपाउनुजस्ता समस्याले सास्ती व्यहोर्नु परेको गुनासो गरिन् ।

अस्पतालका उपनिर्देशक डा उमेश नेपालले बिरामीको फाइल हराउने गुनासो आएको स्वीकारे । विभागका चिकित्सकहरूकोमा गएको कतिपय फाइल कर्मचारीले रेकर्ड शाखामा नबुझाउँदा समस्या हुने गरेको भन्दै उनले पूरै हराउने भन्ने नहुने जिकिर गरे । उपनिर्देशक नेपालले आन्तरिक फाइल राख्ने प्रणालीलाई चुस्त बनाउनुपर्ने अवस्था देखिएकाले अब सुधार्ने बताए।

अस्पतालमा नेपालभरका साथै भारत र बङ्गलादेशबाट समेत क्यान्सरका बिरामी उपचारका लागि आउने गर्दछन् । एसियाको नमूना अस्पतालका रुपमा बनाइएको यस अस्पतालमा पछिल्ला वर्षहरुमा प्रशासनिक प्रणालीमा कमजोरी हुँदै जाँदा बिरामीले समयमा उपचार नपाउने, निजी अस्पताल र क्लिनिकमा जान बाध्य हुनेजस्ता समस्या भोग्नु परिरहेको छ।

# शैक्षिक योग्यतामाथि प्रश्न उठाउँदै रिट



**टुडे समाचारदाता**

काठमाण्डु । संवैधानिक कानुन व्यवसायी मञ्च (क्लाफ) का नवनिर्वाचित अध्यक्ष ओमप्रकाश अर्यालको शैक्षिक योग्यतामाथि प्रश्न उठाउँदै जिल्ला अदालत काठमाडौँमा रिट निवेदन दायर गरिएको छ।

अधिवक्ता अनन्तराज लुइँटेलले दायर गरेको रिटमा मञ्चको साधारण सदस्य हुन मञ्चको विधानमा संवैधानिक कानुनमा स्नातकोत्तर (एलएलएम) गर्नुपर्ने व्यवस्था भए पनि अध्यक्ष अर्यालले अन्तर र्‍ाष्ट्रिय मानवअधिकार कानुनमा स्नातकोत्तर (एलएलएम)को प्रमाणपत्र प्रस्तुत गरेको उल्लेख छ । उक्त रिटमाथिको सुनुवाई बुधबारका लागि तोकिएको छ।

गत शुक्रबार सम्पन्न मञ्चको २१औँ साधारणसभाबाट अध्यक्षमा अर्याल निर्वाचित भएका थिए । जसमा अर्यालले १२ मत प्राप्त गर्दा रिट निवेदनकर्ता अधिवक्ता लुइँटेलले पाँच मत प्राप्त गरेका थिए। साथै अर्का उम्मेदवार अधिवक्ता रुद्र शर्मा दुई मत प्राप्त गरेका थिए।

आफू मञ्चको संस्थापक सदस्य भएको र वरिष्ठताका आधारमा समेत आफू अध्यक्ष हुनुपर्ने अधिवक्ता लुइँटेलले रिटमा माग गरेका छन्। विधानको धारा ९(क)मा संवैधानिक कानुनको विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरी कानुन व्यवसायमा संलग्न वा सोही योग्यता पुगी संवैधानिक कानुनको विकास तथा सम्वर्द्धनमा क्रियाशील व्यक्ति मञ्चको सदस्य बन्न सक्ने व्यवस्था छ।

**श्री बाल्मीकि सामुदायिक सेवा केन्द्र**
**बाल्मीकि नगर, जनकपुरधाम-८, धनुषा**

**साधारण सभा बैठक सम्बन्धमा**

उपरोक्त सम्बन्धमा यस श्री बाल्मीकि सेवा केन्द्र संस्थालाई जिवन्त राख्न यसको नविकरण गरी सूचारु गर्नको लागि यस संग सम्बन्धित सम्पूर्ण पदाधिकारी तथा सदस्यहरुलाई साधारण सभामा उपस्थित हुन आग्रह गरिन्छ साथै आजको मिति देखि १५ दिन भित्र उपस्थित भई संस्थागत सम्पूर्ण क्रियाकलाप माथि छलफल गरी पूरानो तथा नयाँ पदाधिकारी चयन गर्न विशेष अह्वान यसै सूचनाद्वारा जानकारी गराईन्छ।

**साधारण सभा बैठक**
**मिति : २०८०।१०।१७**
**स्थान : सेभेन स्टार ब्यान्कुट, जनकपुरधाम-0८, बजरंग चौक**
**समय :- दिनको २:00 बजे**

**दिपेन्द्र कुमार यादव**
अध्यक्ष
मो.नं. ९८५४०२६१००

**मधेश प्रज्ञा प्रतिष्ठान**
**मधेश प्रदेश, जनकपुरधाम**

**खुला कविता वाचन कार्यक्रम**

**प्रथम पटक प्रकाशित मिति : २०८०।०९।२७**

माघ पाँच गते मनाइने बलिदानी दिवसको सन्दर्भमा मधेश प्रज्ञा-प्रतिष्ठानले २०८० माघको दोश्रो साताम‍ा प्रदेश स्तरीय बहुभाषा कवि गोष्ठी आयोजना गर्ने भएकोले तपसिलको आधारमा आ-आफ्नो कविता यो सूचना पहिलो पटक प्रकाशन भएको मितिले १० (दश) दिन भित्र madheshacademy.2079@gmail.com मा पठाउन वा कार्यालय समय भित्र प्रतिष्ठानमा नै पेश गर्न सर्वसाधारणको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

१. कविता २५० (दुई सय पचास) शब्द भित्र हुनु पर्नेछ।
२. एउटा कविले एक मात्र कविता पेश गर्न सक्नेछ।
३. प्रत्येक कविता संगै कविको ठेगाना र सम्पर्क नम्बर उल्लेख भएको हुनु पर्दछ।
४. वाचनका लागि छनौट हुने कविताका कविहरुलाई वाचन हुने मिति, समय र स्थान बारे फोनमा जानकारी गराईनेछ।
५. कविता पेश गर्ने अन्तिम दिन विदा परेमा त्यसको भोली पल्ट कविता पेश गर्न सकिने छ।
६. विशेष जानकारीका लागि सम्पर्क नम्बर : ९८५४०२९५७९, ०४१-५९१७९१

**प्रमुख प्रशासकीय अधिकृत**

**राजर्षि जनक विश्वविद्यालय**
**जनकपुरधाम**

**सुरक्षा गार्ड सेवा करारमा लिने बारे सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८०।१०।०३**


यस विश्वविद्यालयको केन्द्रीय कार्यालय तथा अन्य निकायहरुमा १ वर्षका लागि ८ जना सुरक्षा गार्ड (सेवा निवृत सुरक्षाकर्मी) सेवा करारमा लिने भएकोले इच्छुक रजिष्टर्ड फर्महरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय खुलेको समयमा रीतपूर्वकको सिलबन्दी दरभाउपत्र (प्रस्ताव पत्र) दर्ता गर्न यो सूचना प्रकाशित गरिएको छ। प्रस्तावपत्र साथ फर्म दर्ता प्रमाणपत्र, आयकर चुक्ता प्रमाण पत्र, फर्म नवीकरण भएको पत्र, भ्याट दर्ता प्रमाण पत्र, अन्य आवश्यक प्रमाण पत्रहरुको प्रतिलिपि तथा सेवाको दररेट समेत सिलबन्दी गरि आवेदन शुल्क वापत रु. १०००।- (एक हजार मात्र) फिर्ता नहुने गरि यस केन्द्रीय कार्यालयको राष्ट्रिय वाणिज्य बैंक पिडारी शाखामा रहेको च.हि.नं. १५२०१००००२२८१००१ मा जम्मा गरेको सक्कल भौचर समेत संलग्न गरी सिलबन्दी दरभाउपत्र (प्रस्ताव पत्र) यस विश्वविद्यालय केन्द्रीय कार्यालयको सामान्य प्रशासन शाखामा दर्ता गर्नु पर्नेछ। रीत नपुगेका वा म्याद नाघी प्राप्त भएका प्रस्ताव पत्र उपर कुनै कार्यवाही हुने छैन। दर्ता भएका सिलबन्दी प्रस्तावहरु मिति २०८०।१०।१९ गते दिनको १:०० जबे प्रस्तावक वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ। प्रतिनिधी उपस्थित नभए पनि सिलबन्दी दरभाउपत्र (प्रस्ताव पत्र) खोल्न बाधा पर्ने छैन। यस सम्बन्धी अन्य कुराहरु बुझ्नको लागि सामान्य प्रशासन शाखामा सम्पर्क गरी बुझ्न सकिने छ।

**सम्पर्क : ९८४४१००९५२**

**रजिष्ट्रार**

जनकपुर टुडे





**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# अनियमितताको छानबिन गर

पर्सा जिल्लामा रहेको हरि खेतान सामुदायिक क्याम्पसको भवन निर्माणमा भारी आर्थिक अनियमितता भएको खबरहरु प्रकाशमा आएका छन् । पूर्व क्याम्पस प्रमुख भगवान यादवले अनियमितता गरेको कारण क्याम्पसबाट ठेक्कापट्टाको फाइल समेत गायब गरिएको निमित क्याम्पस प्रमुख किशोरी रायको आरोप छ । भगवान यादव सो क्याम्पसमा ३८ वर्षसम्म निरन्तर प्रमुख रहेका थिए । पछिल्लो पटक २०७६ सालमा क्याम्पसको भवन निर्माणका लागि इविडिंगबाट ठेक्का लगाइएको थियो । ठेक्का लगाउँदा सम्मको प्रकृयामा त्रुटि नदेखिए पनि भवन तयार नहुँदै ठेक्काको सम्पूर्ण रकम भुक्तानी गरिएपछि आर्थिक अनियमितताको रहस्योद्घाटन भएको छ । वीरगञ्ज ३ आदर्शनगर स्थित ८ कठ्ठा क्षेत्रफल जग्गामा निर्मित १० कोठाको एक तल्ले भवन निर्माण पूरा नहुँदै ठेकेदारलाई पूर्व क्याम्पस प्रमुख भगवान यादवले सबै भुक्तानी दिएको आरोप छ । २ करोड ७४ लाख रुपैयाँमा निर्माण गरिएको नयाँ भवनमा व्यापक आर्थिक अनियमितता भएको छ । २०७६ सालमा सन्तोष निर्माण सेवाले ठेक्का सकारेर निर्माण गरेको भवनको आधा भन्दा बढी काम अधुरै रहे पनि पूर्व क्याम्पस प्रमुख यादवले निर्माण कम्पनीलाई दुई वर्ष अघि नै सम्झौता अनुसारको पूर्ण रकम भुक्तानी गरिसकेको बताइएको छ । क्याम्पसको भवन अधुरो रहेको प्रमाण भवन नै रहेको छ । तर ठेकेदारले सम्पूर्ण रकम भुक्तानी लिइसकेका छन् । ठेक्कामा उल्लेखित शर्त अनुसार भवन निर्माण नहुँदै ठेकेदारलाई सम्पूर्ण रकम भुक्तानी गरेको देखिएपछि गत मंसिरमा क्याम्पस व्यवस्थापन समितिले जबरजस्ती अवकास दिएको बुझिन्छ । क्याम्पसको लेखामा रहनु पर्ने भुक्तानी सम्बन्धी फाइल समेत गायब गरिएको आरोप छ । निर्माण अधुरो रहेको अवस्थामा अबैध ढंगबाट ठेकेदारलाई रकम भुक्तानी गरी आर्थिक अनयिमतिता गर्ने तत्कालीन क्याम्पस प्रमुख भगवान यादवलाई व्यवस्थापन समितिले सोझै अवकास दिनु भन्दा उनलाई राखेर निर्माण कार्यको छानबिन गराई कारवाहीको प्रकृया अगाडि बढाउनु पर्ने थियो । तर व्यवस्थापन समितिले यादवको आर्थिक अनियमितता ढाकछोप गर्न अवकास दिएको देखिन्छ । ३८ वर्ष सम्म क्याम्पसको प्रमुख रहेका यादवका लागि अपमानजनक अवकास दिनु पनि एक प्रकारको दण्ड नै हो । तर सार्वजनिक सम्पत्तिमा आर्थिक अनियमितता गरेकाले अनुसन्धान गरी कारवाही गर्नै पर्ने थियो । यादवले आर्थिक अनियमितता नगरेको भए पनि उनीमाथि कलंक लागेको छ । घटनाको सम्पूर्ण छानबिनमा उनले सहयोग गर्नु आवश्यक छ ।

# यसरी सम्भव छ गुठी संस्थाको पुनरुत्थान



डा. शोभित शाक्य

गुठी विगतको परम्परा वा पुरातात्त्विक अवशेष मात्र होइन। यो विशेषगरी नेवारहरू र अरू पनि नेपाली समुदायहरूका बीचमा अझै पनि व्यापक रूपमा प्रचलित सक्रिय सहभागितामूलक जीवनशैलीको एउटा पाटो र एक महत्त्वपूर्ण संस्था हो। आजको दिनमा गुठी संस्था पुनर्जीवित तर परिवर्तित हुने क्रममा छ भन्ने कुराको स्पष्ट सङ्केतहरू छन्। तर जनमानसमा यो कुरा प्रष्ट नभएको अवस्था छ र त्यसको एक मुख्य कारण हाम्रो गुठी बारे अपुरो बुझाइ हो।

यसअघि गुठी संस्था केही दशकदेखि निरन्तर ओरालो लागेको कुरा विदितै छ। वंशाणुगत रूपमा प्राप्त बोझपूर्ण कर्तव्यहरू शिक्षित मध्यमवर्गको निम्ति पारम्परिक कर्तव्यका कुरामा सीमित हुन गएको थियो। सन् १९८० ताका जोन लकले काठमाडौं उपत्यकाका बौद्ध बहाः बहिःहरूको सर्वेक्षणका साथै केही सम्बन्धित गुठीहरूको पनि अध्ययन गर्दै थिए। त्यतिबेलादेखि नै शिक्षित मध्यम वर्गबीच गुठीको काम बोझपूर्ण हुँदै गएको देखिएको थियो।

धेरै गुठी मासिए। खासगरी राज्यको नीतिले गर्दा पनि गुठीहरू मासिंदै गए र राज्यको नीतिकै कारण धेरै गुठियारहरूले आफ्नो गुठीको जग्गा निजीकरण गरेर बेचे र त्यसको परिणामस्वरूप गुठी संस्था अधिकतम कमजोर हुनगयो।

२०७२ सालको महाभूकम्पले नेपालमा जनधनको क्षति हुनुका साथै सम्पदा संरचनामा समेत क्षति पुगेको सम्झना जनमानसमा अझै ताजा छ। यी सम्पदाहरूलाई कसरी पुनर्निर्माण गर्ने भन्ने अत्यावश्यक प्रश्नले जनसहभागिता र शताब्दीयौं पुरानो परम्परागत संस्था गुठी बारे फेरि छलफल अगाडि सार्‍यो। इतिहासमा यी संरचनाहरूसँग सम्बन्धित गुठी बारेको धेरै विचारहरू महाभूकम्पकै कारण अगाडि आए र सामाजिक सञ्जालमा व्यापक छाए।

गुठी संस्था बारे पंक्तिकारको अध्ययन यसको समसामयिक सान्दर्भिकताको आधारमा सुरु भयो जुन तालिन युनिभर्सिटी अफ टेक्नोलोजीको राग्नार नुर्क्से डिपार्टमेन्ट अफ इनोभेसन एण्ड गभर्नेन्सका प्रा.डा. वोल्फग्याङ्ग ड्रेचस्लरको निरीक्षणमा भयो। २०७२ सालको महाभूकम्प र गुठीसँग सरोकार राख्ने घटनाक्रमका धेरै पाटा छन्। तर मुख्य चासोको सन्दर्भ भूकम्पको पृष्ठभूमिमा संस्थाको पुनःरूपान्तरण थियो।

महाभूकम्पपछि गुठीप्रतिको यो नयाँ चासो मुख्यतया सूचना तथा सञ्चारप्रविधिको प्रभाव थियो। सञ्चार साधनका रूपमा सामाजिक सञ्जाल र सूचना तथा सञ्चारप्रविधिले युवा पुस्ता, अभियानकर्ताहरू र नेवार समुदायका सदस्यहरूले प्रभावकारी साधनको रूपमा प्रयोग गरे। यो लहरमा नेपालमा मात्र नभएर विदेशका नेवारहरूको पनि सक्रिय सहभागिता थियो ।

यसको प्रष्ट प्रमाण सन् २०१९ को गुठी आन्दोलन हो। सो आन्दोलनको क्रममा नेवार र नेवार नजिकका अरू समुदायका गुठियारहरू, विभिन्न समाज-समितिहरू, क्लबहरू र नेपाल भित्र र बाहिरका नेवारहरूको विभिन्न गुठीसँग दाँज्न मिल्ने संघ-संस्थाहरू एकजुट भए र सरकारको गलत कामप्रति विरोध गर्दै माइतीघरमण्डलमा विशाल प्रदर्शन सम्भव बनायो।

गुठी संस्थाको हितमा नभएको सो ऐन ल्याउने प्रयासको जुन गल्ती सरकारबाट भयो त्यो गल्तीबाट गुठी संस्थाप्रति हानि हुनबाट नेवार र गुठियारहरूकै संगठित हुने क्षमताले जोगायो।

आखिर, गुठी नेवार समुदायमा मात्र सीमित छैन; जनकपुर वा गोरखामा होस्, विभिन्न सामुदायिक उद्देश्यका लागि गुठीहरू छन्। नेपालका राजनीतिक व्यक्तित्व र नीतिनिर्माताहरूले गुठीलाई नेपालमा सहभागितामूलक शासन व्यवस्थाको ढाँचा निर्माण गर्ने अपार सम्भावना भएको एक उत्कृष्ट संयन्त्रको रूपमा हेर्नुपर्छ

गुठीप्रतिको दृष्टिकोण सधैं सबैमाझ सकारात्मक थियो भन्ने कुरा पक्कै सत्य होइन। यो संस्थासँग सम्बन्धित अन्य विभिन्न सरोकारहरू जस्तै लैङ्गिक समानता, श्रम सम्बन्धित मुद्दाहरू (विशेषगरी मोही किसानहरूको अधिकारको सन्दर्भ) को बारेमा नकारात्मक रूपमा संस्थालाई चित्रण गर्ने अनुसन्धान पत्रहरू मनग्गे छन्। यद्यपि, यस्ता धेरैजसो आलोचनात्मक लेख तथा अनुसन्धान पत्रहरूले परापूर्वकालबाट जस्ताको तस्तै चलिआएका गुठीहरू मात्रै हेरी गुठी संस्थाको हालैका रूपान्तरित अवस्थालाई बेवास्ता गर्ने गर्दछन्।

विशेषतः नेवार समुदायमाझ प्रचलित गुठीकै ढाँचामा चलेका नयाँ समाज-समिति-समूहहरू पनि पुनः रूपान्तरित गुठी संस्थाको एक अभिन्न अङ्ग हुन्। गुठी संस्था अहिले पुनः रूपान्तरित हुनुको कारणमा मुख्य सूचना तथा सञ्चारप्रविधिद्वारा परिवर्तित परिप्रेक्ष्य र नेपाली समाज विश्वव्यापी मापदण्ड र प्राथमिकताहरू (जस्तै महिला सहभागिता) तर्फ अघि बढ्नु हुन्।

मेरो अनुसन्धानले विशेषगरी सामुदायिक सहभागिताको मुद्दा र सूचना तथा सञ्चारप्रविधि मार्फतका सम्भावनाहरूले गुठीको नयाँ पुनरावृत्तिहरूको उत्पत्ति हुन मद्दत गरेको देखाएको छ। मोटामोटी रूपमा, अहिलेको परिस्थितिमा वर्गीकृत रूपमा गुठीहरूका तीन प्रकारका नयाँ पुनरावृत्तिहरू छन्।

सबैभन्दा पहिले आफ्ना सदस्यहरूबीच सामाजिक अन्तरक्रिया र कल्याणमा केन्द्रित भएर आन्तरिक वा विदेशमा बसाइँ सरेका नेवारहरूका संघ/संगठन/समूहका रूपमा स्थापित गुठीहरू छन्।

दोस्रो, स्थानीय सरकारी कार्यालयहरूमा दर्ता भएका समितिहरू छन् जुन कुनै पनि गुठीका सदस्यहरूले उनीहरूका गतिविधिको लागि सरकारसँग सहज रूपमा सहकार्य गर्न गठन गरेका छन्।

र, नेपालमा नयाँ संस्थाहरू पनि छन् जुन आफ्ना लक्ष्यको आधारमा गुठी जस्तै छन् तर नेपालको कानुनी व्यवस्थाको कारण नयाँ गुठीहरू स्थापना गर्न अनुकूल नभएकाले सामाजिक संस्थाका रूपमा दर्ता भएका छन्।

प्रोफेसर वोल्फग्याङ्ग ड्रेचस्लरसँगको सह-लेखनमा हालसालै प्रकाशित मेरो एक लेखमा गुठीका यी नयाँ पुनरावृत्तिहरूका लागि क्रमशः नियो-गुठी, सव-गुठी र क्वासी-गुठी शब्दहरू प्रयोग गरी टाइपोलोजी प्रस्तुत गरेका छौं। क्यानडाबाट प्रकाशित 'द जर्नल अफ कम्युनिटी इन्फर्मेटिक्स' को (भाग १९, नम्बर १) मा प्रकाशित उक्त लेखमा हाम्रो तर्क छ कि आज गुठीको विरुद्धमा हुने धेरैजसो आलोचनाहरूले गुठी संस्थाका यी नयाँ पुनरावृत्तिहरूलाई बेवास्ता गरेका छन् र पुरातन गुठीहरूमा मात्र केन्द्रित छन्।

गुठीको विकासक्रम र यसको पुनः रूपान्तरण २१औं शताब्दीमा स्वायत्त र सामुदायिक जीवनको लागि र मौलिक संस्थालाई पुनर्निर्माण गर्न सूचना तथा सञ्चारप्रविधिले गर्न सक्ने योगदानको उत्कृष्ट उदाहरण हो। हामीले यसलाई नेपालको नीति विकाससँग सान्दर्भिक गैर-पश्चिमी (मौलिक) जनप्रशासन र शासन (नन-वेस्टर्न पब्लिक एडिमनिस्ट्रेसन एण्ड गभर्नेन्स) को सन्दर्भमा महत्त्वपूर्ण मुद्दाका रूपमा हेर्नुपर्छ।

आखिर, गुठी नेवार समुदायमा मात्र सीमित छैन; जनकपुर वा गोरखामा होस्, विभिन्न सामुदायिक उद्देश्यका लागि गुठीहरू छन्। नेपालका राजनीतिक व्यक्तित्व र नीतिनिर्माताहरूले गुठीलाई नेपालमा सहभागितामूलक शासन व्यवस्थाको ढाँचा निर्माण गर्ने अपार सम्भावना भएको एक उत्कृष्ट संयन्त्रको रूपमा हेर्नुपर्छ।

नेपालमा सामुदायिक सहभागिता मार्फत स्वशासनको अवधारणा नयाँ होइन र देशका विभिन्न समुदायको संस्कृतिसँग यस्ता मूल्यमान्यताले गहिरो जरा गाडेको छ। यस प्रकारका सामुदायिक सहभागिताका मौलिक संयन्त्रहरू समय-समयमा प्रभावकारी साबित पनि भएका छन्।



# नागमती बाँधले थप्नेछ बागमतीको सौन्दर्य

भीष्मराज ओझा

काठमाडौँ उपत्यकाको सभ्यतासँग जोडिएको बागमती नदीको जलप्रवाह बढाएर यसको वातावरणीय सौन्दर्यतालाई पुनःस्थापित गर्न अर्को नागमती बाँध (ड्याम) बनाउन लागिएको छ । उपत्यकाको पूर्वोत्तर गोकर्णेश्वर नागरपालिका-१ स्थित शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज क्षेत्रमा धाप बाँधको निर्माण सम्पन्नपछि अर्को नागमती बाँध निर्माणको प्रक्रिया सुरु गरिएको हो ।

वर्षायाममा खेर जाने पानी सङ्कलन गरेर हिउँदमा बागमतीमा पानीको बहाव बढाउने प्रमुख उद्देश्यले बाँध बनाउन लागिएको हो । उपत्यकाको मध्यभागबाट पूर्वतर्फ करिब २१ किलोमिटर दूरीमा निर्माण सम्पन्न भइसकेको धाप बाँध र अब बन्ने नागमती बाँधबीचको दूरी एक दशमलव आठ किलोमिटर हुनेछ । बागमती नदीको प्रमुख प्रशाखा नागमती नदीको मूलखर्कमा कुल रु २५ अर्ब लागतमा बन्ने नागमती बाँध आयोजनाअन्तर्गत पूर्वतयारीको काम सुरु भइसकेको छ । यो आयोजना एसियाली विकास बैङ्कको सहुलियत ऋणमा निर्माण हुनेछ । नागमती नदी सुन्दरीजलमा पुगेपछि बागमती नदीमा मिसिन्छ ।

आयोजनाअन्तर्गत पर्या-पर्यटनको विकास, पानीको व्यवस्थापन, संस्थागत संरचना विकास, बहुउद्देश्यीय बाँध र एक दशमलव ८६ मेगावाट क्षमताको जलविद्युत् निर्माणसमेत गरिने बागमती सुधार आयोजना, आयोजना कार्यान्वयन सिँचाइ एकाइका इञ्जिनियर निश्चल छत्कुलीले जानकारी दिनुभयो । बाँधको उचाइ ९४ दशमलव पाँच मिटर, लम्बाइ पाँच सय ५३ मिटर र चौडाइ दुई सय ६० मिटरभन्दा बढी हुनेछ । तालको भण्डारण क्षमता आठ दशमलव आठ मिलियन मिटर क्यूब (एमसीएम) हुनेछ । अमिबाको आकारको यो बाँधस्थल समुद्री सतहदेखि एक हजार नौ सय १० मिटर उचाइमा रहेको छ ।

निकुञ्जको करिब ४८ हेक्टर क्षेत्रफलमा जलाशय रहने यो बाँध निर्माणका क्रममा सात हजार रूख र ८५ हजार बुट्यान कटान गरिनेछ । उहाँले बाँध निर्माणका लागि वन तथा वातावरण मन्त्रालयबाट वातावरणीय प्रभाव मूल्याङ्कन (इआइए) स्वीकृत अन्तिम चरणमा रहेको बताउनुभयो । "सन् २०२५ जुलाईदेखि आयोजनाको मुख्य भौतिक काम बाँध निर्माण सुरु हुनेछ भने त्यसको एक वर्ष देखिअघि नै रूख कटान र पहुँच सडक निर्माणको काम सुरु गरिनेछ । आयोजनाको निर्माण अवधि आठ वर्ष तोकिएको छ," इञ्जिनियर छत्कुलीले भन्नुभयो । यसको मुख्य उद्देश्य बागमतीमा प्रवाह गरिने पानीको बहाव चार सय ५० लिटर प्रतिसेकेन्ड (सुक्खा नौ महिना), मेलम्ची खानेपानी पानी प्रशोधन केन्द्रमा चार सय ५० लिटर प्रतिसेकेन्ड (तीन महिना) र जलविद्युत् उत्पादन एक दशमलव ८६ मेगावाट रहेको छ ।

### बाँध आयोजना निर्माणका लागि हालसम्म के के भए काम


आयोजनाको पूर्वतयारीका लागि हालसम्म जापानी अन्तर्राष्ट्रिय सहयोग निकायबाट विभिन्न समयमा उपत्यकामा रहेका जलाधार क्षेत्रमा अध्ययन, बागमती कार्ययोजना सन् २००९-२०१४ बागमती नदीमा हिउँद याममा पानीको बहाव बढाउने र डेनिस हाइड्रो इन्स्टिच्युटमार्फत धाँप र नागमती बाँधको पूर्वसम्भाव्यता अध्ययन भएको थियो । त्यस्तै मुख्य तयारीअन्तर्गत एसियाली विकास बैङ्कको ऋण सहयोगमा बागमती सुधार आयोजनामार्फत २०१७ मा विस्तृत आयोजना प्रतिवेदन तयार भएको थियो ।

अन्तिम तयारीअन्तर्गत खानेपानी मन्त्रालयबाट टनेल मर्मत र वर्षायाममा पानी उपलब्ध गराउन अनुरोध भएको, ऊर्जा, जलस्रोत तथा सिँचाइ, सहरी र खानेपानी मन्त्रालयबीच त्रिपक्षीय समझदारीपत्रमा हस्ताक्षर भएको छ ।

उक्त बाँध भूकम्पीय जोखिमबाट सुरक्षित हुने गरी 'कङ्क्रिड फेस्ड रक फिल्ड ड्याम' (सिएफआरडी) प्रविधिबाट निर्माण हुनेछ । बाँध निर्माणको प्रविधि नयाँ भएको, निकुञ्ज क्षेत्रमा रहेकाले रूख कटान र क्षतिपूर्ति प्रक्रिया, कूल बजेटअन्तर्गत नेपाल सरकारले व्यहोर्नुपर्ने हिस्सा, कानुनी र संरचनालगायत विषय यस आयोजनामा चुनौती रहेको उहाँले बताउनुभयो ।

बढ्दो सहरीकरण र भूउपयोगमा भएको परिवर्तनका कारण बागमती जलाधार क्षेत्र सुक्खा बन्दै गएको छ । अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिका आयोजनाका उपनिर्देशक उद्धव नेपालले प्रतिव्यक्ति पानीको उपलब्धता, पानीको गुणस्तरमा ह्रास भएको, मनसुनी जलवायुका कारण हिउँदमा भूसतहमा रहेको जलस्रोतको उपलब्धतामा कमी भएकाले यस बाँधको आवश्यकता परेको बताउनुभयो । उहाँले भन्नुभयो, "भूमिगत जलस्रोतको पुनःभरणमा कमी, भूमिगत जलस्रोतको दोहनमा अत्यधिक चाप पर्न गएको, जलपथान्तरण गरी बागमती नदीमा पानीको बहाव बढाउने सम्भावना नभएको र हिउँदमा पानीको बहाव बढाउन वर्षायाममा खेर जाने पानी सङ्कलन गर्नु नै प्रमुख विकल्प रहेकाले यसको आवश्यकता परेको हो ।"

यो बाँध निर्माणपछि बागमतीमा सुक्खायाममा पनि नियमित दुई फिट उचाइसम्म पानी बग्ने भएकाले वातावरणीय पारिस्थितिकीय प्रणालीमा सुधार आउने अपेक्षा गरिएको छ । यसैगरी, बाँध निर्माणबाट उत्पादन हुने जलविद्युत्, आयोजनाअन्तर्गत बनाइने 'ट्रेल रुट' बन्ने भएकाले निकुञ्ज क्षेत्रमा रहेको करिब ६ सय स्थानीय घरधुरीको आवातजावत र आर्थिक उपार्जनमा समेत योगदान पुग्ने उहाँले बताउनुभयो । नेपालमा वर्षमा चार महिनामात्र मनुसुनी वर्षा हुन्छ । यस अवधिमा पर्ने दुई सय २५ बिलियन घनमिटर पानी बगेर भारत जान्छ । त्यसमध्ये हाल १५ प्रतिशतमात्र प्रयोग हुने गरेको छ । तसर्थ नेपालमा बन्ने सबै बाँधको मुख्य उद्देश्य वर्षाकै पानी जम्मा गरेर प्रयोग गर्ने हो ।



### धाप बाँध निर्माणपछि बागमतीको वातावरणीय सौन्दर्य प्रवर्द्धन

नागार्जुन नगरपालिका-१ स्थित शिवपुरी नागार्जुन निकुञ्जको मध्य क्षेत्रमा धाप बाँध निर्माण झन्डै एक वर्षअघि सम्पन्न भई चालु भइसकेको छ । यो बाँध बागमती नदीमा जल व्यवस्थापन तथा सफा पानी प्रवाह गर्ने उद्देश्यसहित निर्माण गरिएको हो । धाप बाँध निर्माणपछि काठमाडौँ उपत्यकाबाट नजिकको यस स्थलमा बाह्य तथा आन्तरिक पर्यटकको आवागमनसमेत बढेको छ ।

बाँधको निर्माणपछि बागमती नदीको जल व्यवस्थापनका साथै वर्षायाममा खेर जाने पानीलाई सङ्कलन गरी सुक्खायाममा प्रवाह गर्ने गरिएको अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिका आयोजना प्रमुख चक्रवर्ती कण्ठले जानकारी दिनुभयो । "यस बाँधबाट जलजन्य पर्यावरणको सुधारका साथै धार्मिक, सांस्कृतिक पर्यटनको विकास तथा भूमिगत जल पुनःभरणमा समेत योगदान पुगेको छ । यसको निर्माणपछि बागमतीको पवित्रता, सुन्दरता र स्वच्छतालाई बचाउन सहयोग पुगेको छ । हाल विभिन्न नौ चाडपर्वमा १४ दिन बागमती नदीमा उक्त बाँधबाट आवश्यकताअनुसार थप पानी छोड्न सुरु गरिएको छ," उहाँले भन्नुभयो ।

त्यसैगरी, बाँध निर्माणपछि हालसम्म मेलम्ची खानेपानी आयोजनामा पानी कम भएका बेला विभिन्न समयमा गरी ३० करोड लिटर पानी सुन्दरीजलस्थित खानेपानी प्रशोधन केन्द्रमा सोधभर्ना गर्ने गरी पठाई सकिएको आयोजना प्रमुख कण्ठले बताउनुभयो । सन् २०१५ अक्टोबर ९ मा सम्झौता भई सन् २०२२ अक्टोबर १५ मा निर्माण सम्पन्न भएको यो बाँध करिब रु ५२ करोड लागतमा निर्माण भएको हो । नागमती नदीको मुहानमा निर्माण गरिएको यस बाँधमा तीन ठाउँमा सहायक (स्याडल ड्याम) र एक मुख्य ड्याम निर्माण गरिएको छ ।

चौबिस मिटर अग्लो बाँध निर्माण गरी वर्षातको पानी सङ्कलन गरेर सुक्खा समयमा चाडपर्व र आवश्यकताअनुसार बागमती नदी प्रवाहमा सुधार ल्याउने उद्देश्यका साथ निर्माण गरिएको यस ड्यामको भण्डारण क्षमता १४ लाख २६ हजार घन मिटर पानी रहेको छ । यो बाँधको जलाशय कूल क्षेत्रफल १५ हेक्टरमा फैलिएको छ । बाँध निर्माणपछि यस क्षेत्रको पर्यटकीय विकासका साथै वन्यजन्तु, जैविक विविधता तथा पर्यावरण जोगाउनसमेत मद्दत पुगेको छ । बाँध निर्माण अघि सो क्षेत्रमा पर्यटक प्रवेश शुल्कबाट वार्षिक रु एक करोड ८० लाख राजश्व सङ्कलन हुने गरेकामा बाँध निर्माणपछि करिब पाँच करोड राजश्व सङ्कलन भएको निकुञ्ज कार्यालयले जनाएको छ ।

### बाधको महत्व र विश्वमा बाधको अवस्था

'इन्टरनेसनल कमिसन अन लार्ज ड्याम' (आइकोल्ड) संस्थाले विश्वभर १५ मिटरभन्दा अग्ला आकारका ठूला बाँधको दर्ता गर्ने गरेको छ । उक्त मापदण्डअन्तर्गत नेपालमा हालसम्म कुलेखानी, फेवा, धाँप, अन्य जलविद्युत्का बाँध गरी कूल छ बाँध रहेका छन् । पछिल्लो तथ्याङ्कअनुसार विश्वमा भने ५८ हजार सात सय १३ बाँध छन् जसमध्ये चीनमा २३ हजार आठ सय ४१, संयुक्त राज्य अमेरिकामा नौ हजार तीन सय ६३, भारतमा चार हजार चार सय सात (थप आठ सय निर्माणाधीन) र अन्य विभिन्न देशमा रहेका छन् ।

विश्वका ठूला एउटै नदीमा रहेका सबैभन्दा धेरै बाँधमध्ये चीनको यात्से नदीमा एक हजार, अमेरिकाको मिसिसीपी नदीमा एक हजार, भारतको गोदावरी नदीमा तीन सय ५० बाँध रहेका छन् । बाँधलाई विश्वकै 'गेम चेन्जर प्रोजेक्ट' मानिन्छ । चीनको थ्री गर्जेज, अमेरिकाको होभर र भारतको बक्रा बाँध यसका उदाहरण हुन् । विश्वमा ३० प्रतिशत खाद्यान्न उत्पादन बाँधको सिँचाइमा निर्भर छ । बाँधको उपयोग बाढी नियन्त्रण, सिँचाइ, जलविद्युत्, माछापालन, खानेपानी र अन्य काममा प्रयोग गरिन्छ ।

# ‘भूकम्प प्रतिरोधी संरचना निर्माण अनिवार्य दायित्व हो’



टुडे समाचारदाता

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ ले विगतका त्रासदीपूर्ण भूकम्पबाट शिक्षा लिएर भविष्यमा फेरि भूकम्पको पीडा भोग्न नपर्ने गरी काम गर्नुपर्ने बताएका छन्। २६औं भूकम्प सुरक्षा दिवसका अवसरमा मंगलबार चन्द्रागिरिमा आयोजित कार्यक्रममा उनले भूकम्प प्रतिरोधी संरचना निर्माण इच्छा नभएर दायित्व हो भने। प्रधानमन्त्रीले भने, “विसं १९९० मा गएको महाभूकम्पको स्मरण गर्दै २०५५ सालदेखि हामी हरेक वर्ष भूकम्प सुरक्षा दिवसका रूपमा यस्तो जागरण तथा सङ्कल्पको कार्यक्रम हरेक वर्ष गर्दै आएका छौँ। मंगलबारको दिन मूलभूत रूपमा त्यो पीडा फेरि भोग्न नपरोस् भनेर काम गर्ने राष्ट्रिय सङ्कल्प गर्ने दिन पनि हो।”

भविष्यमा भूकम्पबाट कसैले ज्यान गुमाउन नपरोस्, घाइते हुन नपरोस्, कुनै पनि परिवारले कुनै खालको भौतिक क्षति भोग्न नपरोस् भन्नका लागि सबैले मिलेर काम गर्न प्रधानमन्त्रीले आह्वान गरे।

प्रधानमन्त्रीले भने, “आउनुस, त्यसका लागि हामी सबैले सङ्कल्प गरौँ। भूकम्प प्रतिरोधी संरचना निर्माण गर्नुपर्ने कुरा इच्छा होइन दायित्व हो भन्ने यथार्थ आत्मसात गरौँ।”प्रधानमन्त्रीले भूकम्प प्रतिरोधी संरचना निर्माण र व्यवस्थित संरचनाका लागि भौतिक संरचनाको बीमा गर्ने व्यवस्था हुनुपर्नेमा जोड दिए। उनले भौतिक संरचनाको बीमा गर्ने व्यवस्थामा जान आवश्यक रहेको बताउँदै मन्त्रिपरिषद्ले यसबारे अध्ययन गर्ने निर्णय गरेको जानकारी दिए।

प्रधानमन्त्रीले भने, “अब हामीले विस्तारै देशैभरिका निजी आवास र सरकारी संरचनाको बीमाको व्यवस्था गर्नुपर्छ भन्ने सुझावलाई मनन गरेर व्यक्तिगत आवासलगायत सबै भवन तथा संरचनाको बीमा गराउने सम्बन्धमा अध्ययन गर्ने निर्णय मन्त्रिपरिषद्ले गरिसकेको यहाँ जानकारी गराउँछु।”

सो अवसरमा प्रधानमन्त्रीले ‘जाजरकोट र बझाङको भूकम्पलाई जोखिमको पूर्वसङ्केतको रूपमा लिँदै ठूलो विपद्को सामना गर्न सक्ने क्षमता विकास गर्न जोखिम आँकलन, न्यूनीकरण, पूर्वतयारी र पूर्वसूचना प्रणालीको काम अझै घनिभूत रूपमा गर्न र स्थानीय तहको क्षमता अभिवृद्धिमा जोड दिइने स्पष्ट पारे। कार्यक्रममा प्रधानमन्त्री दाहालले २०७२ वैशाख १२ को भूकम्पले पुऱ्याएको मानवीय तथा भौतिक क्षतिको हाम्रो पुस्ता साक्षी भएको जनाउँदै विगतबाट गम्भीर शिक्षा लिनुपर्नेमा जोड दिए। कार्यक्रममा उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठ, सहरी विकासमन्त्री सीता गुरुङलगायतको सहभागिता थियो।

# पर्यटनलाई समृद्धिको आधारका रुपमा स्थापित गर्नुपर्ने राष्ट्रपतिको भनाई

टुडे समाचारदाता

काठमाण्डु। राष्ट्रपति रामचन्द्र पौडेलले जनसङ्ख्याको ठूलो हिस्सा निर्भर रहेको कृषि क्षेत्रमा उत्पादन भएका अन्नबाली तथा अर्गानिक खाद्यवस्तु सिधै होटलमा आपूर्ति गरी ‘फार्म टु प्लेट’को अवधारणा अघि बढाउन सुझाव दिएका छन्।

होटल सङ्घ नेपालले आफ्नो स्थापना दिवसका अवसरमा मनाउन सुरु गरेको ‘प्रथम सत्कार दिवस, २०८०’ को मंगलबार यहाँ आयोजित कार्यक्रममा राष्ट्रपति पौडेलले नेपालको मौलिक रैथाने खाना र संस्कृतिलाई समेत विश्वमाझ प्रवर्द्धन गर्न आवश्यक रहेको बताए। उनले भने, “होटल आफैँले कृषि फार्म सञ्चालन गरेर वा कृषकले सञ्चालन गरेका फार्मसँग सम्झौता गरी कृषिउपजलाई सिधै होटलका प्लेटमा पुऱ्याउने कार्यक्रम सञ्चालन गर्नुस्।”



राष्ट्रपति पौडेलले नेपालको होटल क्षेत्रले ‘अतिथि देवो भवः’ को मूल मर्मलाई जीवन्त राखी विश्वसामु राष्ट्रिय गरिमालाई अभिवृद्धि गर्न सफल हुनु खुसीको विषय भएको बताए। उनले भने, “सेवा, सत्कार र आतिथ्य मुलुकको पहिचानको महत्वपूर्ण पाटो रहेको हुँदा यस क्षेत्रमार्फत राष्ट्रिय समृद्धि हासिल गर्न सम्भव हुने भएकाले होटल व्यवसायीको यसमा विशेष ध्यान जाने मैले अपेक्षा गरेको छु।”

उनले पर्यटन तथा होटलको विस्तारसँगै नेपालका नयाँ गन्तव्यको विकास र समृद्धि भएको बताउँदै मुलुकको पर्यटनलाई सफल तुल्याउन पूर्वाधारका काम भइरहेको र अगाडि बढिरहेको स्पष्ट पार्नुभयो। राष्ट्रपति पौडेलले पर्यटनलाई आयमंगलबार्रन र समृद्धिको आधार बनाउनुपर्नेमा जोड दिए। उनले भने, “नेपालको विशिष्टता, प्राकृतिक सौन्दर्य, संस्कृति र सभ्यतालाई विश्व पर्यटन बजारमा प्रवर्द्धन गरी पर्यटन क्षेत्रलाई आयमंगलबार्रन र समृद्धिको आधारको रुपमा स्थापित गर्नुपर्दछ। यस वर्ष दश लाखभन्दा बढी पर्यटक भित्रिसकेको सन्दर्भमा आगामी दिन अझ उत्साहजनक हुनेछ भन्ने मलाई आशा छ।”

राष्ट्रपति पौडेलले नवनिर्मित अन्तर र्राष्ट्रिय विमानस्थल पूर्ण सञ्चालनमा ल्याई मुलुकमा बढीभन्दा बढी विदेशी पर्यटक भित्र्याउन सके समृद्धि छिट्टै हासिल गर्न सकिनेमा विश्वास व्यक्त गरे। उनले पर्यटन क्षेत्रबाट हुने आय पछिल्लो समय आशातित ढङ्गले बढिरहेको सन्दर्भमा पर्यटकीय गन्तव्यमा खानेपानी, शौचालय, सरसफाइ, ढल व्यवस्थापन, साइकलमार्ग, निःशुल्क इन्टरनेटलगायतका आधारभूत सुविधा उपलब्ध गराउँदा यसको प्रभाव थप बढ्ने उल्लेख गरे।पर्यटन उद्योगको आधारस्तम्भको रुपमा रहेको होटल क्षेत्रलाई प्राथमिकता प्राप्त उद्योगको सेवा सुविधा प्रदान गरी निजी क्षेत्र र सरकारी क्षेत्रबीच समन्वय गरेर अगाडि बढ्नुपर्ने राष्ट्रपति पौडेलको भनाइ थियो।

कार्यक्रममा सङ्घका अध्यक्ष विनायक शाहले मुलुकको वार्षिक बजेटसरहको लगानी भएको होटल उद्योगलाई राष्ट्रिय प्राथमिकताप्राप्त उद्योगको मान्यता दिन सरकारसमक्ष माग गरे। उनले भने, “एक जना पर्यटक आउँदा नौ जनाले रोजगारी पाउँछन्। एक तथ्याङ्क अनुसार मुलुकको कूल गार्हस्थ्य उत्पादनमा पर्यटन क्षेत्रको आठ प्रतिशत योगदान छ। विदेशी मुद्राको प्रमुख आयस्रोतमध्येको एक पर्यटनलाई राष्ट्रिय प्राथमिकताप्राप्त उद्योगको मान्यता दिनुपर्छ।”

नेपाल पर्यटन बोर्डको तथ्याङ्कअनुसार सन् २०२३ मा हवाईमार्ग भएर १० लाखभन्दा बढी विदेशी पर्यटकले नेपाल भ्रमण गरेका छन्। सरकारले आगामी वर्ष विदेशी पर्यटकको सङ्ख्या दोब्बर पुऱ्याउने घोषणा गरेको छ। सरकारको एकवर्षे कार्यकालको अवसरमा पुस १० देशवासीका नाममा सम्बोधन गर्दै अर्को वर्ष पर्यटकको सङ्ख्या दोब्बर बनाइने बताउनुभएको थियो। नेपालमा हाल वार्षिक ३५ लाख पर्यटक धान्न सक्ने क्षमता होटल छन्। सङ्घका अनुसार हाल पाँचतारे, पर्यटकस्तरका होटल, लज र सिसोर्ट गरी १० हजारभन्दा बढी सञ्चालनमा छन्। सङ्घका महासचिव साजन शाक्यले नेपाललाई कृषि प्रधानबाट पर्यटन प्रधान देशका रुपमा पहिचान स्थापिन गराउनुपर्नेमा जोड दिए।

सो अवसरमा होटल क्षेत्रमा योगदान गर्ने सङ्घका पूर्वअध्यक्षहरु श्यामबहादुर पाण्डे, योगेन्द्र शाक्य, नरेन्द्र ताम्राकार, प्रकाश श्रेष्ठ, प्रसिद्धबहादुर पाण्डे र सिर्जनालाई राणालाई सङ्घले राष्ट्रपति पौडेल दोसल्ला र कदरपत्रद्वारा सम्मान गरे। सोही अवसरमा राष्ट्रपति पौडेलले सङ्घले प्रकाशन गरेको ‘इयर बुक २०२४’ विमोचन गरे। साथै, ‘सत्कार दिवस २०८० ’ अनावरण तथा ‘नेपाली हेरिटेज फुड वेस्ट’ र ई-लर्निङ भिडियो पनि अनावरण गरिएको थियो।

# स्वार्थसिद्धी राजनीति हावी हुदै सांसद अधिकारीको भनाई

टुडे समाचारदाता

काठमाण्डु । संसदीय अभ्यास सबै देशमा आ-आफ्ना किसिमका हुन्छन्। देश सञ्चालनको जिम्मेवारी बोकेको सरकारको गतिमा यसको अभ्यास निर्भर रहन्छ। देश सङ्घीयतामा प्रवेश गरेपछि संविधानको मर्म र भावनाअनुरुप विभिन्न कानुन बनाएर लागू गर्ने विषयमा केही ढिलाइ भएको छ। संसदीय गतिविधि त्यति प्रभावकारी हुन सकेको छैन। प्रतिपक्षको हैसियतमा विधेयक ल्याउन हामीले दबाब दिइरहेका छौँ। माघ लागि सक्यो। अझै हिउँदे अधिवेशन प्रारम्भ भएको छैन।



आगामी संसद्मा पेस गर्न एउटा पनि विधेयक समितिबाट निष्कर्षमा पुगेको छैन। कानुनमार्फत जनताका आवश्यकता परिपूर्ति गर्न सरकारले चुस्त र छरितोसँग जुन बेगमा काम गर्नुपर्थ्यो, त्यो अनुभूति भएन। प्रतिपक्षले जनताको माग र आवाज सम्बोधन गर्न विभिन्न क्रियाकलाप अपनाउने र सरकारलाई दबाब दिनुपर्ने हो, त्यो भने हामीले गरिरहेका छौँ।

प्रतिपक्षले पनि देश र जनताका हितमा सरकारसँग मिलेर काम गर्नु पर्छ। विभिन्न उद्देश्य बोकेका राजनीतिक दल मिलेर परिवर्तन ल्याएका हुँदा कसको भूमिका कस्तो रह्यो भनी हेर्ने केलाउनु पर्छ। केवल आरोपमात्रै लगाउन भएन। राजनीतिक व्यवस्था परिवर्तन भए पनि अझै पुरानै कानुन लिएर हिँड्नुपरेको छ। यसबाट मुलुकको आर्थिक, सामाजिक र सांस्कृतिक क्षेत्रमा सोचअनुसार प्रगति हुनसकेको छैन।

मुलुक गणतन्त्र र सङ्घीयतामा गइसकेपछि आवश्यक कानुन बनाएर जनतालाई अधिकार दिइनुपर्नेमा त्यसमा अझै कमी छ। त्यस्ता काममा शीघ्रता प्रदान गर्न प्रतिपक्षले निगरानी र दबाब दिनुपर्छ। यसरी अघि बढ्ने सिलसिलामा सहकार्य जरुरी छ। सरकार गठबन्धनको छ। एउटै पार्टीको बहुमत हुने अवस्था छैन। जनताका हितका लागि मिलेर जानुपर्छ भन्ने कोणबाट आएका विषयमा एमालेले सहकार्य गर्दै आएको छ। सहमतिका आधारमा संविधान बनाइएकाले हरेक विषय पनि सहमतिमै हुनुपर्छ। कानुन निर्माण र निर्वाह गर्नुपर्ने अरु दायित्व पूरा गर्न सहकार्यको सम्भावना प्रशस्तै छ।

परिवर्तन नचाहने र सत्ता स्वार्थका लागि उब्जिएका शक्तिद्वारा पुराना दललाई विभिन्न कोणबाट बदनाम गर्ने चेष्टा भइरहेको छ। हिजोका गलत क्रियाकलाप र अनियमितताको विरोध गरिँदा ‘लौ एमालेले संसद् रोक्यो’ भनेर भन्ने गरिएको छ। सुनदेखि ललिता निवास काण्ड उठाएर एमालेले सदन अवरुद्ध गरेको यथार्थ हो। यसको प्रमुख उद्देश्य जनता र देशका हितमा सरकारले सही निर्णयकासाथ पाइला चालोस् भन्ने अपेक्षा हो। अझै पनि त्यसलाई तदारुकताका साथ अघि बढाएको अवस्था छैन। सदनलाई बिजनेस दिने र सञ्चालनका लागि आह्वान गर्ने जिम्मेवारी हाम्रो होइन, सरकारको हो।

सदन सञ्चालन भए अनियमितता र ढिलासुस्तीका आवाज उठाउँछौँ। सिद्धान्त र व्यवहार एक सिक्काका दुई पाटाजस्तै हुन्। सिद्धान्तलाई व्यवहारमा ढाल्ने क्रममा देशको स्थिति र चेनताको स्थिति तथा सरकारका संरचनामा भरपर्छ। परिवर्तन एउटै पार्टीले गराएको होइन्। जनताले एउटा दललाई मात्र सरकार चलाउ भनेर जनादेश दिएका छैनन्। सबै राजनीतिक दलको लक्ष्य, उद्देश्य र व्यवहार फरक भएकाले कसरी अघि बढ्ने भन्नेमा विभिन्न टीकाटिप्पणी उठेका हुन्।

नेपालीले छिटो परिवर्तनको अपेक्षा गर्छन्। हामीले पञ्चायत, बहुदल र गणतन्त्रपछिका विकासको अवस्थालाई हेर्नुपर्छ। अहिले हुँदै भएन भनिन्छ। यसबीचमा शिक्षा, स्वास्थ्य, सञ्चार, यातायातका क्षेत्रमा भएका परिवर्तनलाई कम आँक्न मिल्दैन। असीमित आवश्यकता र अपेक्षा पूरा गर्न भने सकिएको छैन। व्यवस्थितरूपले परिचालित भई इमान्दारीपूर्वक जाने र नीति-नियम बनाउने हो भने छोटै समयमै केही गर्न सकिन्छ। प्रमुख राजनीतिक दल कुनै न कुनै समय सत्तामा गइसकेका छन्। उनीहरुले कुन काम, कसले गरे भनी सञ्चारजगत्, सर्वसाधारण र बुद्धिजीवीले विश्लेषण गरी सही कुरा प्रवाह गर्नुपर्छ। सबैलाई सोलोडोलोरूपमा हेरिनुहुन्न।

दुईखाले निर्वाचन प्रणाली र समावेशी सिद्धान्तलाई आत्मसात् गरिएको हुनाले एउटै दल विशेषको बहुमतको सरकार बन्न सक्ने अवस्था रहेन। समानुपातिकलाई कसरी लैजाने र राजनीतिक स्थिरता कायम गर्ने भन्ने कुरा पनि अहिले चर्चामा छ। पार्टी खोलेपछि सरकारमा जान, बार्गेनिङ गर्न, तालमेल गरेर चुनाव लड्न पाइने भएपछि स्वार्थ रहेका र परिवर्तन नचाहने विभिन्न समूह प्राप्त उपलब्धि उल्टयाउन सक्रिय छन्। सो समूहले सरकार र प्रमुख दलविरुद्ध भ्रम फिजाउन खोजेका छन्। हामीले उनीहरूले लगाएका आरोपलाई चिर्न सबै क्षेत्रबाट निगरानी गर्नुपर्छ।

मुलुकको विकास र समृद्धिका लागि परिवर्तनकारी शक्तिबाट भएका पहल र प्राप्त उपलब्धिको तुलनात्मक अध्ययन जरुरी छ। अहिले सतहीमा उर्फने र स्वार्थ पूरा गर्न चिच्याउने प्रवृत्ति देखिएको छ। आम जनतामा अपेक्षा बढ्नु र आकाङ्क्षा पलाउनु राम्रो भए पनि उपलब्ध स्रोत साधनको अवस्था पनि हेर्न जरुरी छ।

मेरो निर्वाचन क्षेत्र कपिलवस्तुको प्राथमिकता खेतीपातीका लागि सिँचाइ र मलखाद नै हो। शिक्षा र स्वास्थ्य पनि उत्तिकै प्राथमिकतामा छन्। जनता सम्पन्न नभई देशले विकास र समृद्धि हासिल गर्न सक्दैन। नेपालको पर्यटकीय क्षेत्रलाई अघि बढाउने हो भने कपिलवस्तुलाई खुला पर्यटकीय सङ्ग्रहालय क्षेत्र बनाउनुपर्छ। यहाँ बुद्धसँग सम्बन्धित दुई सय ठाउँ कपिलवस्तुमै छन्। कपिलधाम, लक्ष्मणघाट, शिवगढीलगायतका थुप्रै प्रसिद्ध धार्मिकस्थल छन्। ती सबैलाई मिलाएर खुला सङ्ग्रहलय बनाउनुपर्छ। यसले राज्यलाई आर्थिकरूपमा समेत ठूलो टेवा पुग्छ।

जनतामा बढको अपेक्षा र आकाङ्क्षाले युवा तथा विद्यार्थीलाई विदेश पलायनमा प्रोत्साहित गरेको छ। यसमा अभिभावकको दृष्टिकोण र भावना, आर्थिक स्थिति, विदेशी र नेपाली मुद्राको सटही स्थितिले पनि मलजल गरेको छ। नेपालमा केही दुःख नगर्ने बाहिर जे गर्न पनि तयार हुने हाम्रो बानी छ। रोजीरोटीकै समस्याले पनि कतिपयलाई विदेश जान बाध्य तुल्याएको छ।

नेपालको संस्कृति र सभ्यताप्रति विश्वकै आकर्षण छ। बरु थोरै खाएर र थोरै प्राप्ति गरेरै भए पनि यही काम गर्छु भन्ने भावना सबै तह र तप्कामा जागृत हुनुपर्छ। नियम, कानुन त्यही किसिमका र नेतृत्वमा पनि देशको हितमा बोल्ने आँट हुनुपर्छ। त्यसो भएमा समस्या समाधान हुने र नेपाली यही बस्ने वातावरण बन्छ भन्ने लाग्छ।

(विसं २०३३ देखि एमालेको विद्यार्थी राजनीतिमा लागेका सांसद अधिकारी अहिले कपिलवस्तु निर्वाचन क्षेत्र नं १ बाट सङ्घीय संसद्मा प्रतिनिधित्व गर्छन्। उनी २०५० सालदेखि २०७९ सम्म एमाले कपिलवस्तुको प्रमुख रहे। सांसद अधिकारी २०७० सालदेखि २०७७ सम्म अञ्चल प्रदेश कमिटी, २०७८ सालदेखि एमाले केन्द्रीय सदस्य तथा एमाले कपिलवस्तुको इन्चार्जको जिम्मेवारीमा रहे। विसं २०५६ र २०६४ मा क्रमशः क्षेत्र नं ३ र १ बाट सांसदको उम्मेदवार बन्नुभएका नेता अधिकारी २०७० सालमा संविधानसभा सदस्य भए।)

# जोखिम न्यूनीकरणमा सहकार्य गर्न उपप्रधानमन्त्रीको जोड

टुडे समाचारदाता

काठमाण्डु । उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले जोखिम न्यूनीकरण र स्थानीय उत्थानशीलता प्रवर्द्धनमा नयाँ ‘मोडल’ विकास गर्न सङ्घ र प्रदेश सरकार तथा काठमाडौँ महानगरपालिकाको सहकार्यमा जोड दिएका छन्। भूकम्प सुरक्षा दिवसका अवसरमा काठमाडौँ महानगरपालिकाले मंगलबार भूगोलपार्कमा आयोजना गरेको कार्यक्रममा उनले उक्त मोडल नेपालका सबै पालिकाका लागि अनुकरणीय हुने बताए।

संविधानले विपद् व्यवस्थापनलाई मुलतः स्थानीय तहको एकल अधिकारको सूचीका साथै सबै तहको साझा सूचीमा राखेको उल्लेख गर्दै उपप्रधानमन्त्री श्रेष्ठले विपद् व्यवस्थापन सबै तहका सरकारको दायित्व भएको बताए। “सङ्घीय सरकार पालिकालाई सामर्थ्यवान् बनाउन मिलेर काम गर्न तयार छ”, उनले भने, “सङ्घीय सरकारले राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमार्फत सबै स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई औजार तथा उपकरण उपलब्ध गराउँदै आएको छ।” विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन स्वंसेवकको महत्त्वपूर्ण भूमिका रहेको उल्लेख गर्दै उपप्रधानमन्त्री श्रेष्ठले स्वयंसेवकलाई राष्ट्रिय प्रणालीमा आबद्ध गर्ने प्रक्रिया सुरु भएको जानकारी दिए। उनले काठमाडौँ महानगरले स्वयंसेवीको परिचालन र तालिममा पहल गरेकामा खुसी व्यक्त गरे।

जाजरकोट भूकम्पलगत्तै काठमाडौँ महानगरपालिकाले पुर्याएको सहयोगको सरहाना गर्दै उपप्रधानमन्त्री श्रेष्ठले साधन र स्रोतका हिसाबले अग्रणी कामपाको यस्ता कार्यले आगामी दिनमा निरन्तरता पाओस् भनी शुभेच्छा प्रकट गरे। राजधानी रहेको महानगर पनि भएकाले काठमाडौँ महानगरको कदम अन्य पालिकाका लागि अनुकरणीय हुने उनले बताए।

उपप्रधानमन्त्री श्रेष्ठले भने, “विद्यमान संरचना कति सुरक्षति छन्, कति असुरक्षित छन् भनेर जोखिम आकलन गर्ने, असुरक्षित रहेका भवनको प्रबलीकरणलगायत विधि प्रयोग गरी सुरक्षित बनाउने र नयाँ बन्ने भवन तथा संरचना भूकम्पबाट सुरक्षित हुनेगरी संहिता पालना गर्न गराउनमा महानगरले अग्रणी भूमिका खेल्ने विश्वास छ।” काठमाडौँ महानगरपालिकाका उपप्रमुख सुनिता डङ्गोलले नेपाल भूकम्पको जोखिममा रहेकाले भूकम्प प्रतिरोधी संरचना निर्माणमा ध्यान दिनुपर्ने बताए। भूकम्पलगायत विपद्जन्य घटनाबाट नागरिकलाई जोगाउन तीनै तहका सरकारको समन्वयात्मक भूमिका आवश्यक रहेकामा जोड दिँदै उनले स्थानीय प्रविधिको प्रयोग गरी बाबजुद संरचना निर्माण गरिनुपर्ने बताए।

विसं १९९० माघ २ गते गएको विनाशकारी भूकम्पको सम्झनामा विसं २०५५ देखि हरेक वर्ष भूकम्प सुरक्षा दिवस मनाइँदै आएको छ। उक्त दिन दिउँसो २:२४ बजे गएको आठ दशमलव चार म्याग्निच्युडको भूकम्पले जनधनको ठूलो क्षति पुर्याएको थियो। राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्रका वरिष्ठ भूकम्पविद् लोकविजय अधिकारीका अनुसार १९९० सालको भूकम्पमा परी आठ हजार पाँच सय १९ जनाको मृत्यु भएको थियो। उक्त भूकम्पबाट ८० हजार घर ध्वस्त भएका थिए। ध्वस्त घरसहित, विद्यालय, देवालय र पाटीपौवा तथा सार्वजनिक भवन गरी दुई लाख सात हजार दुई सय ४८ संरचना भत्किएका थिए।


## सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनीमा बीमा गर्नु भएका सम्पुर्ण महानुभावहरुका लागि जरुरी सूचना

सूचना प्रकाशित मिति : २०८०।१०।०३

सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडमा जीवन बीमा गरी कम्पनीसँग आवद्ध हुनु भएकोमा सम्पूर्ण बीमित महानुभावहरूमा यस सूर्यज्योति लाइफ इन्स्योरेन्स परिवारको तर्फबाट हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्दछौं। तपाँइले यस कम्पनीमा बीमा सम्बन्धी कारोबार गर्दा निम्न लिखित कुराहरूमा ध्यान दिनु हुन हार्दिक अनुरोध गर्दछौं।

- बीमालेखको शर्त तथा सुविधा बमोजिम निश्चित समय पश्चात प्राप्त हुने अवधि भुक्तानी रकम वा अन्य कुनै पनि दावी रकम भुक्तानी लिनको लागि कम्पनीमा सम्पर्क गर्नुहोस।
- बीमालेख नविकरण समयमै नगरेमा बीमालेख व्यतित भई बीमाशुल्कमा विलम्ब शुल्क समेत लाग्ने तथा बीमा रक्षावरण नहुने हुँदा आफ्नो बीमालेखको नविकरण मितिहरू यकिन गरि निर्धारित समयमा नविकरण बीमाशुल्क भुक्तानी गर्नुहोस। बीमालेखको नविकरण रकम अनलाइन मार्फत वा नजिकको शाखा कार्यालयमा गई भुक्तानी गर्न सक्नुहुनेछ।
- रु. १००,०००/- भन्दा बढि रकमको बीमाशुल्क भुक्तानी गर्दा नगदमा कारोवार नगरि, कम्पनीको नाममा जारी एकाउण्ट पेयी चेक, अनलाइन माध्यम वा अन्य कुनै बैकिङ्क प्रणालीबाट मात्र गर्नुपर्नेछ। कुनै पनि रकम भुक्तानी पश्चात कम्पनीबाट भुक्तानी रसिद लिनु नबिर्सिनुहोस साथै भुक्तानी पश्चात आफ्नो मोबाइलमा कारोबार भएको पुष्टी बारे मेसेज आए नआएको यकिन गर्नुहोस।
- सूर्यज्योति लाइफको मोबाइल एपबाट आफ्नो बीमालेखको बारेमा तथा अन्य आवश्यक विवरण सजिलै प्राप्त गर्न सक्नुहुनेछ। मोबाइल एपमा रजिस्टर / लग इन गर्न तपाँइको मोबाइल नम्बर कम्पनीमा रहेको नम्बर सँग मिलेको हुनुपर्दछ।
- बीमालेख धितो बापत यदि कुनै कर्जा लिनु भएको छ भने कर्जाको व्यज नियमित रूपमा भुक्तानी गर्नु पर्ने हुन्छ।
- बीमालेख तथा कम्पनीको महत्वपुर्ण जानकारीहरू तपाँइको मोबाइल वा इमेल मार्फत दिइने हुनाले आफ्नो व्यक्तिगत विवरणहरू : मोबाइल नम्बर, इमेल, स्थायी तथा अस्थायी ठेगाना, इच्छाएको व्यक्तिको नाम इत्यादि कम्पनीमा रहेको विवरणसंग दुरुस्त मिलेको हुनु पर्दछ। कम्पनीमा रहेको यस्ता विवरणहरू मिलेको वा नमिलेको बारे यकिन गरि सो विवरणहरू अध्यावधिक गर्नको लागि कम्पनीमा सम्पर्क गर्नुहोस।

माथि उल्लेखित कुनै पनि किसिमको सेवाको लागि वा मोबाइल नम्बर तथा अन्य विवरण अध्यावधिक गर्नको लागि वा अन्य कुनै पनि जानकारीका लागि निम्न माध्यमहरुबाट कम्पनीमा सम्पर्क गर्न सक्नुहुनेछ।

- ➢ support@suryajyotilife.com
- ➢ Whats App/Viber - 9802303491
- ➢ SuryaJyoti Life Facebook Page or Facebook Messager
- ➢ Land Line Number- 4545941/4545942
- ➢ नजिकको शाखा कार्यालय

SuryaJyoti जीवनको लागि

सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
केन्द्रिय कार्यालय, शान्ता प्लाजा, ज्ञानेश्वर, काठमाण्डौ | फोन : ०१-४५४५९४१/४२
वेबसाइट : www.suryajyotilife.com

# भारतको लक्षद्वीपलाई माल्दिभ्ससँग प्रतिस्पर्धा गर्न यसकारण कठिन छ


**बीबीसी**

काठमाण्डु । सन् २०२४ को ज्यानुअरी सुरुमै प्रधानमन्त्री नरेन्द्र मोदीले लक्षद्वीपको भ्रमण गरेदेखि नै यस ठाउँ चर्चामा छाभारतको माल्दिभ्ससँगको सम्बन्धमा आएको परिवर्तन होस् वा लक्षद्वीप जाने विषयमा त्यहाँका जनता र सेलिब्रिटीहरूले गरेका कुराकानी समेत उत्तिकै चर्चामा छन्।माल्दिभ्सका लागि बुकिङ रद्द गर्नेबारे केही ट्राभल कम्पनीहरूका तर्फबाट समेत कुराकानी भएका छन्।तर यी कुराहरूले लक्षद्वीप जाने मानिसहरूको सङ्ख्यालाई असर गरिरहेको छैन।

द टाइम्स अफ इन्डियाको रिपोर्टका अनुसार लक्षद्वीप भ्रमण गर्ने मानिसको सङ्ख्या माल्दिभ्सको तुलनामा कम छ र त्यसका कैयौँ कारण छन्।टाइम्स अफ इन्डियाको रिपोर्टमा माल्दिभ्सको तुलनामा लक्षद्वीप पुग्न कठिन भएको लेखिएको छ। त्यसका लागि सबैभन्दा पहिले भारतीय राज्य केरलाको कोची जानुपछोकोचीबाट अगाट्टीका लागि लिनुपर्ने उडान दैनिक एउटा मात्र छ। उक्त उडानको टिकट सन् २०२४ को मार्चसम्म बुक भइसकेका छन्।

कोचीदेखि पानीजहाजबाट पनि लक्षद्वीप पुग्न सकिने भए तापनि उक्त यात्रा लामो छालक्षद्वीप घुम्न जाने विदेशी पर्यटकको सङ्ख्या १० प्रतिशतभन्दा बढी भएको छैन। कोरोना महामारीको समयमा उक्त सङ्ख्या अझै घटेको थियोपछिल्लो समय भने भारत सरकारले लक्षद्वीपको यात्रामा सुधार ल्याउने सङ्केत गरेको छाअगाट्टी विमानस्थललाई विस्तार गर्न सकिने एवं एकसाथ सेना र नागरिक आवश्यकताको लागि हुने गरी मिनिकोएमा विमानस्थल विकास गर्न सकिने बताइएको छ।

त्यसो गरिएमा धेरै यात्रुहरू लक्षद्वीप पुग्न सक्ने छन्। तर वातावरणसँग सम्बन्धित केही चिन्ताहरू छन्।लक्षद्वीपलाई तुलना गरिएको माल्दिभ्समा १८ विमानस्थल छन्। जसमध्ये पाँच वटाबाट अन्तर्राष्ट्रिय उडान हुन्छन्।माल्दिभ्सबाट २० वटा विमान सेवाले बाह्मासै उडान गर्छन्। सन् २०२३ मा माल्दिभ्स पुग्ने पर्यटकको संख्या १८ लाख थियो जसमध्ये सबैभन्दा उच्च दुई लाखभन्दा धेरै भारतीय थिए।



द टाइम्स अफ इण्डियाको एक रिपोर्टमा भनिए अनुसार आउजाउ गर्ने सम्पर्क सञ्जालबाहेक अर्को चुनौती भनेको लक्षद्वीपमा पर्यटकहरू बस्नका लागि पर्याप्त कोठाहरू नहुनु हो।होटलसँग धेरै सुविधाहरू छैनन्। क्षेत्रफलका हिसाबले लक्षद्वीप अण्डमान र निकोबार टापु वा माल्दिभ्स भन्दा धेरै सानो छ। यसको क्षेत्रफल ३२ वर्ग किलोमिटर मात्रै छालक्षद्वीप प्रशासनका अनुसार पर्यटकका लागि १७६ शय्याको व्यवस्था गरिएको छ। यसमा ५२ शय्याको टेन्ट रिसोर्ट पनि समावेश छाभारतको नीति आयोगको प्रतिवेदनमा लक्षद्वीपका पाँच वटा टापुहरूमा पर्यटनसँग सम्बन्धित सुविधा बढाउन सकिने जनाइएको छ। यसका लागि ८०८ करोड भारतीय रुपैयाँ आवश्यक हुनेछ।

टाटा कम्पनीले सन् २०२६ सम्ममा लक्षद्वीपका दुई टापुहरूमा इको टुरिजम रिसोर्टहरू समेत खोल्नेछ। लक्षद्वीप प्रशासनले यात्रुवाहक पानीजहाजको प्याकेज समेत प्रदान गर्छ जसमा दिनमा टापुको वरिपरि घुम्न र रातमा जहाजमा बस्न सकिनेछायसले लक्षद्वीप टापुमा दबाव कम गर्नेछ।

लक्षद्वीपसामु पिउने पानीको चुनौती समेत छ। धेरै अध्ययनहरूले लक्षद्वीपमा भूमिगत जल सतह घटेको जनाएका छन्। यद्यपि हालसालै इजरेलले खाने पानी शुद्धीकरण परियोजना सुरु गरेको छाकरावती टापुमा निर्माण गरिएको एक वाटर प्लान्टको दैनिक क्षमता एक लाख लिटर रहेको छ जुन तीन दिनमा एक पटक वितरण हुन्छात्यसबाहेक बंगाराम वाटर प्लान्टमा आरओ प्लान्ट समेत छ जसले दैनिक ५० हजार लिटर पानी उपलब्ध गराउँछ।

लक्षद्वीपका सांसद मोहम्मद फैजलले टाइम्स अफ इन्डियालाई बताए अनुसार लक्षद्वीपमा माल्दिभ्समा जस्तै वाटर भिला निर्माण गर्दा वातावरणीय चिन्ता बढ्नेछ। "लक्षद्वीपको भौगोलिक अवस्था यस्तो छ कि दक्षिण-पश्चिमी मनसुनमा हावा सिधै टापुमा पुग्छ। तीव्र गतिमा हावा आउने उक्त बाटोमा कुनै अवरोध छैन। त्यसैले यदि त्यो भिलामा सिधै ठोक्कियो भने ती पानीमा हुनेछन्," उनी भन्छन्।"आधार मजबुत हुनु जरुरी छ तर यो सबै यथार्थमा सम्भव होला त भन्नेमा शङ्का छ।"

मोहम्मद फैजलका अनुसार एउटा चुनौती भनेको यहाँको सम्पत्ति मानिसको नाममा दर्ता हुनु रहेको छ। कतिपय टापुहरूमा ब्रिटिश कालदेखि नै मानिसको नाममा सम्पत्ति छायस्तो अवस्थामा जब ती मानिसहरूलाई मुआब्जा दिएर सम्पत्ति दिन भनिन्छ त उनीहरू अदालत पुग्छन्।माल्दिभ्स लक्षद्वीपबाट करिब ७०० किलोमिटर टाढा छ। लक्षद्वीप केरलाको कोचीबाट ४४० किलोमिटर पर छालक्षद्वीप ३६ साना टापुहरूको समूह हो।

सन् २०११ को जनगणना अनुसार यहाँको ९६ प्रतिशत जनसङ्ख्या मुस्लिम छ। लक्षद्वीपको कुल जनसङ्ख्या लगभग ६४ हजार छालक्षद्वीपको क्षेत्रफल लगभग ३२ वर्ग किलोमिटर छ अर्थात् यो माल्दिभ्सको क्षेत्रफलभन्दा करिब १० गुणा कम छालक्षद्वीपमा मानिसहरूको बसोबास भएका १० वटा टापु छन्। एउटा टापु बित्रामा २ सय ७१ र सुनसान बंगाराम टापुमा ६१ जना मात्रै मानिसहरू बस्छन्। यहाँ मलयालम भाषा बोलिन्छ। मिनिकोएमा मात्र मानिसहरू माहे भाषा बोल्छन् जसको लिपि धिवेही हो।

यो एउटै भाषा हो जुन माल्दिभ्समा समेत बोलिन्छ। केही सञ्चारमाध्यमका अनुसार गत वर्ष लक्षद्वीप घुम्न आउने पर्यटकको संख्या २५ हजारको हाराहारीमा थियो। जुन माल्दिभ्स जाने भारतीयहरूको संख्या भन्दा झण्डै आठ गुणा कम हो।

**भारत-माल्दिभ्स सम्बन्ध र पछिल्लो तनाव**

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको लक्षद्वीप भ्रमणको तस्बिरलाई लिएर हालै भारत र माल्दिभ्सबीचको सम्बन्धमा अचानक तनाव उत्पन्न भएको थियो।

माल्दिभ्सकी मन्त्री मरियम शिउनीले मोदी र भारतबारे 'आपत्तिजनक' टिप्पणी गरेकी थिइन्। यसपछि, उनी र अन्य दुई मन्त्रीहरूलाई मुइज्जू सरकारले तुरुन्तै निलम्बन गरेको थियो। भारतमा भने सामाजिक सञ्जालमा माल्दिभ्स बहिष्कारको ट्रेन्ड चलेको थियो। यद्यपि माल्दिभ्सलाई आफ्नो स्वतन्त्रता पछि स्वतन्त्र राष्ट्रको रूपमा मान्यता दिने पहिलो देशहरूमध्ये भारत पनि एक हो। माल्दिभ्समा आफ्नो दूतावास खोल्ने देश पनि भारत पहिलो हो।

माल्दिभ्सका सरकारहरू कहिले भारततर्फ र कहिले चीनतर्फ झुकाव भएका बनेका छन्। उदाहरणका लागि राष्ट्रपति मोहम्मद मुइजूभन्दा अगाडि उक्त पदमा रहेका इब्राहिम सोलिह भारतसँग निकट मानिन्थे। यद्यपि उनले चीन र भारतबीच सन्तुलन कायम राख्ने प्रयास गरे। उनीअघि मुइज्जूको पार्टीका अब्दुल्लाह यामीन राष्ट्रपति थिए, उनी चीनको नजिक मानिन्थे। मुइज्जूले फेरि चीनतर्फ बढी झुकाव देखाएका छन्। माल्दिभ्सबाट फिर्ता जान भारतीय सेनालाई उनले दुई महिनाको समयसीमा दिएका छन्।

# नेपाल पुलिसद्वारा कोशी प्रदेश पराजित

**टुडे समाचारदाता**

काठमाण्डु । प्रधानमन्त्री कप एक दिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगितामा नेपाल पुलिस क्लबले जित हासिल गरेको छ। जितको लागि १ सय ६७ रनको विजयी लक्ष्य पछ्याएको पुलिसले २३ दशमलव १ ओभरमा ३ विकेट गुमाउँदै पूरा गर्यो। पुलिसको जितमा अर्जुन साउदले सर्वाधिक ६२ रन बनाए। उनले ६३ बलमा ५ चौका र २ छक्कासहित ६२ रनमा अविजित रहे।

त्यस्तै दीपेन्द्रसिंह ऐरीले अविजित ३८ रन बनाए। उनले १७ बलमा ४ चौका र २ छक्कासहित ३८ रन बनाए। दीलिप नाथले ३१ बलमा २ चौका र १ छक्कासहित ३१ बनाए। यसैगरी कुशल भुर्तेलले १२ र सुनिल धमलाले १६ रन बनाए। कोशीका कमल खत्रीले २ विकेट लिए भने सोनु मण्डलले १ विकेट लिए। त्यसअघि कीर्तिपुरस्थित त्रिवि मैदानमा भएको खेलमा कोशी प्रदेशले ४८ दशमलव २ ओभरमा सबै विकेट गुमाउँदै एक सय ६६ रनको योगफल बनाएको थियो। कोशीको लागि सुजन थपलियाले एक सय ५ रनको योगदान गरे। उनले १ सय २६ बलमा आठ छक्का र ६ चौकाको मद्दतले सर्वाधिक एक सय ५ रनको योगदान गरेका हुन। यसैगरी अभ्यास तिमिल्सिनाले २३ र कप्तान अङ्कित सुवेदीले १० रन बनाए।

सुजनले आठौँ विकेटका लागि अभ्याससँग ९९ रनको साझेदारी गरेका थिए। यता पुलिसका लागि करण केसीले तीन विकेट लिए भने ललितनारायण राजवंशी र सुनिल धमलाले समान दुई दुई विकेट झारे। त्यस्तै राशिद खान, सागर ढकाल र कुशल भुर्तेलले समान एक एक विकेट लिए।

# युक्रेनका लागि ४.२ अर्ब अमेरिकी डलर जुटाउने प्रयास

**सिन्ह्वा**

कीभ ।संयुक्त राष्ट्रसङ्घले द्वन्द्वग्रस्त युक्रेनको समुदाय र शरणार्थीका लागि यसवर्ष ४.२ बिलियन अमेरिकी डलर जुटाउन खोजिरहेको छ। युक्रेनको अस्थायी रूपमा कब्जा गरिएका क्षेत्रहरूको पुनः एकीकरण मन्त्रालयले सोमबार यस्तो जनाएको छ।



विशेष गरी, संयुक्त राष्ट्रसङ्घले युक्रेनमा ८५ लाख मानिसलाई मानवीय सहायता प्रदान गर्न दाताबाट ३.१ अर्ब डलर आकर्षित गर्ने योजना बनाएको मन्त्रालयले विज्ञप्तिमार्फत जनाएको हो।

रूस-युक्रेन द्वन्द्वका कारण देशबाट भाग्न बाध्य भएका २.३ मिलियन युक्रेनी शरणार्थीलाई सहयोग गर्न १.१ अर्ब डलर जुटाउने पनि विश्व निकायको लक्ष्य रहेको छ। युक्रेनी उपप्रधानमन्त्री इरिना भेरेशुकले द्वन्द्वबाट प्रभावित युक्रेनीलाई सहयोग गर्ने संयुक्त राष्ट्रसङ्घीय मानवीय योजनामा कीभले उच्च आशा राखेको बताउनुभएको छ।

उहाँले आन्तरिक रूपमा विस्थापित मानिस तथा युद्धबाट भागेर विदेश गएका आफ्ना नागरिकलाई समर्थन जारी राख्नुपर्ने बताउनुभएको छ। सन् २०२२ को फेब्रुअरीदेखि करिब ६३ लाख मानिस युक्रेनबाट भागेको संयुक्त राष्ट्रसङ्घले जनाएको छ। युक्रेनी अधिकारीहरूका अनुसार देशभित्र करिब ४९ लाख मानिस विस्थापित भएका छन्।

# पाकिस्तानको वातावरणीय नमूनामा पोलियो भाइरस पत्ता लाग्यो

**सिन्ह्वा**

इस्लामाबाद। पाकिस्तानका ढल नमुनाहरूमा थप तीनवटा विश्वव्यापी पोलियो भाइरस फेला परेको छ । सन् २०२३ मा देशमा सकारात्मक नमूनाहरूको कुल योग एक सय १५ पुगेको पाकिस्तानी स्वास्थ्य मन्त्रालयले मङ्गलबार जनाएको छ।



पूर्वी पञ्जाब प्रान्तको रावलपिन्डी शहरबाट डिसेम्बर ११ मा, सङ्घीय राजधानी इस्लामाबादबाट डिसेम्बर १२ मा र दक्षिणी बन्दरगाह शहर कराचीबाट डिसेम्बर १३ मा सङ्कलन गरिएको वातावरणीय नमूनामा भाइरस फेला परेको मन्त्रालयले विज्ञप्ति मार्फत जनाएको हो।

भाइरसको सङ्क्रमणबाट बच्चाहरू अपाङ्गता पैदा गर्ने बिभिन्न खालका रोगबाट निरन्तर जोखिम रहन्छ। राष्ट्रिय स्वास्थ्य सेवा, नियमन र समन्वयका लागि पाकिस्तानी कार्यवाहक मन्त्री नदीम जानलाई उद्धृत गर्दै विज्ञप्तिमा यस्तो उल्लेख गरेको छ। यो भाइरसले विशेष गरी शारीरिक रूपमा कमजोर बच्चाहरूलाई पक्षाघात निम्त्याउन सक्ने उहाँले उल्लेख गर्नु भयो। विश्व स्वास्थ्य सङ्गठनका अनुसार पाकिस्ता छिमेकी राष्ट्र अफगानिस्तानसँगै विश्वको दुई पोलियो-स्थानिक देशहरू मध्ये एक हो । पाकिस्तानमा सन् २०२३ मा छ वटा पोलियोका घटना दर्ता भएको स्वास्थ्य मन्त्रालयले जनाएको छ।

# भारत र बङ्गलादेश बीच द्विपक्षीय छलफल

**एएनआइ**

बङ्गलादेश । बङ्गलादेशका लागि भारतका उच्चायुक्त प्रणय वर्माले बङ्गलादेशका नयाँ विदेश मन्त्री हसन महमुदलाई भेटी बङ्गलादेश सरकारको नयाँ कार्यकालमा द्विपक्षीय सहयोगलाई अगाडि बढाउनका लागि छलफल गर्नु भएको छ।



हसन महमुदलाई अब्दुल मोमेनको स्थानमा बङ्गलादेशको नयाँ विदेश मन्त्रीको रूपमा नियुक्त गरिएको छ । अघिल्लो कार्यकालमा उहाँ बङ्गलादेशको सूचना तथा प्रसारण मन्त्री हुनुहुन्थ्यो।

एक्समा साझा गरिएको पोस्ट अनुसार बङ्गलादेशमा भारतीय उच्च आयुक्त वर्माले १५ जनवरी बङ्गलादेशका हसन महमुदसँग शिष्टाचार भेटवार्ता गर्नु भएको उल्लेख गरिएको छ। भारतको तर्फबाट बधाई दिदै उनीहरूले बङ्गलादेश सरकारको नयाँ कार्यकालमा भारत-बङ्गलादेश द्विपक्षीय सहयोगलाई अगाडि बढाउन विस्तृत मुद्दाहरूमा छलफल गर्नु भएको बताइएको छ।

जनवरी ७ मा बङ्गलादेशका लागि भारतीय उच्चायुक्त प्रणय वर्माले बङ्गलादेशकी प्रधानमन्त्री शेख हसिनासँग भेटवार्ता गर्नु भएको थियो। भेटका क्रममा उहाँले प्रधानमन्त्री नरेन्द्र मोदी र भारतको तर्फबाट शेख हसिनालाई विजयका लागि बधाइ दिनु भएको थियो।

प्रधानमन्त्री नरेन्द्र मोदीले पनि शेख हसिनालाई चुनावमा जित हासिल गरेकोमा बधाइ दिनु भएको छ। बङ्गलादेशसँगको साझेदारीलाई अझ सुदृढ पार्न भारत प्रतिबद्ध रहेको कुरामा जोड दिँदै प्रधानमन्त्री मोदीले बङ्गलादेशसँगको आफ्नो स्थायी र जन-केन्द्रित साझेदारीलाई अझ सुदृढ पार्न प्रतिबद्ध रहेको बताउनु भएको छ।

सार्वजनिक गरिएको पोस्टमा प्रधानमन्त्री मोदीले प्रधानमन्त्री शेख हसिनासँग कुरा गरी संसदीय चुनावमा लगातार चौथो कार्यकालको ऐतिहासिक जितका लागि बधाइ दिनु भएको हो। यसै सन्दर्भमा बङ्गलादेशका जनतालाई पनि चुनावमा सहभागी भएकामा प्रधानमन्त्री मोदीले बधाइ दिनु भएको छ । साथै बङ्गलादेशसँग आफ्नो स्थायी र जन-केन्द्रित साझेदारीलाई अझ सुदृढ पार्न प्रतिबद्ध रहेको पनि उहाँले बताउनु भएको छ।

शेख हसिनाले बङ्गलादेशको प्रधानमन्त्रीको रूपमा लगातार चौथो कार्यकाल प्राप्त गर्दै ऐतिहासिक विजय दर्ता गर्नु भएको छ। उहाँको पार्टी अवामी लिगले जनवरी ७ मा भएको चुनावमा २ सय २३ सिट जितेको थियो।

उहाँले २ ४९ हजार नौ सय ६२ मत प्राप्त गर्नु भएको थियो। उहाँका निकटतम प्रतिद्वन्द्वी मोहम्मद अतीकुर रहमानले ६ हजार ९९९ मत प्राप्त गर्नु भएको थियो। यसैबीच अर्का उम्मेदवार महाबुर मोल्लाले ४२५ मत प्राप्त गर्नु भएको थियो।

यसैबीच, जातीय पार्टी ११ सिट, बङ्गलादेश कल्याण पार्टीले एउटा मात्र निर्वाचन क्षेत्रमा जित हासिल गरेको छ भने स्वतन्त्र उम्मेद्वारहरूले ६२ सिटमा जित हासिल गरेका छन्।

त्यैगरी जातीय समाजवादी दल र वर्कर्स पार्टीले अफ बङ्गलादेशले एक-एक सिट जितेको छ। बङ्गलादेश नेसनलिस्ट पार्टी (बिएनपी) जमात-ए-इस्लामी र समान विचारधारा भएका दलहरूले चुनाव बहिष्कार गरेपछि देशभरि हडताल गरेका छन्।

# उत्तर र दक्षिण कोरियाबीच तनाव चर्कँदो

**बीबीसी**

काठमाण्डु । उत्तर र दक्षिण कोरियाबीच तनाव चर्कँदै जाँदा दक्षिण कोरियाली राष्ट्रपति यून सुक यउलले यदि आफ्नो देशलाई उक्साउने गतिविधि भएमा उत्तर कोरियालाई 'ठूलो बलको प्रयोग गरेर' जवाफ दिने चेतावनी दिएका छन्।



उत्तर कोरियाली सर्वोच्च नेता किम जङ अनले एक भाषणमा आफ्नो देशको संविधानमा परिवर्तन गरेर दक्षिण कोरियालाई 'मुख्य दुस्मन र प्रधान शत्रु' का रूपमा व्याख्या गरिनुपर्ने बताएका विवरणका माझ दक्षिणका राष्ट्रपतिको त्यस्तो प्रतिक्रिया आएको छ। उनले त्यस्तो परिवर्तन गरिँदा युद्ध भएको खण्डमा दक्षिण कोरियाली भूभाग उत्तरमा गाभ्न सकिने व्यवस्था पनि गरिनु पर्ने टिप्पणी गरेका थिए।

उत्तर कोरियाको सरकारी समाचार एजेन्सी 'केसीएनए'का अनुसार सोमबार एउटा महत्वपूर्ण संसदीय बैठकलाई सम्बोधन गर्दै नेता किमले दक्षिण कोरयालाई मेलमिलाप र एकीकरणको उद्देश्यका निम्ति आफ्नो देशको सहयात्रीका रूपमा परिभाषित नगर्न कानुनी उपायहरू तयार पार्न आग्रह गरेका थिए।

जवाफमा दक्षिण कोरियाका राष्ट्रपतिले भनेका छन्, "उत्तर कोरयाली अधिकारीहरूले दक्षिण र उत्तर कोरियालाई समान मूल भएका देशका रूपमा नभई दुई शत्रुतापूर्ण सम्बन्ध भएका राष्ट्रका रूपमा व्याख्या गरेका छन्। यसबाट उत्तर कोरियाली सत्ताले आफ्नो चरित्र राष्ट्रविरोधी र इतिहासविरोधी रहेको स्वीकार गरेको छ। यो कोरियाली गणतन्त्रलाई विभाजित तुल्याउने र हाम्रा जनताको मनमा संशय उत्पन्न गराउने राजनीतिक उक्साहट हो।"उनले "दक्षिण कोरियाले एकजुट भएर उत्तरको भ्रमपूर्ण गतिविधि र मिथ्या प्रचारलाई पराजित गर्नुपर्ने" पनि बताए।

यसैबीच उत्तर कोरियाले अन्तरकोरियाली संवाद र सहकार्य प्रवर्धन गर्ने उद्देश्य बोकेका तीनवटा निकायलाई पनि भङ्ग गरिदिएको छ। दुई देशबीच यस्ता अप्रिय प्रकृतिका भनाभनको घटनाको संख्या गत एक वर्षदेखि बढ्दै गएको देखिएको छ। ती देशबीचको सम्बन्ध निम्न बिन्दु मा पुगेको छ र दुवैले आआफ्ना सैन्य क्षमतालाई पनि बढाउँदै लगिरहेका छन्।

# दक्षिण कोरियाको आयात मूल्य घट्दो क्रममा

**सिन्ह्वा**

सियोल। दक्षिण कोरियामा आयातित सामानहरूको मूल्य सन् २०२३ डिसेम्बरमा लगातार दोस्रो महिनामा पनि सस्तो कच्चा तेल र स्थानीय मुद्राको वृद्धि घटेको केन्द्रीय बैंकको तथ्याङ्कले मङ्गलबार उल्लेख गरेको छ।



गत महिना ४.४ प्रतिशतले घटेको आयात मूल्य सूचकाङ्क डिसेम्बरमा १.७ प्रतिशतले घटेको बैंक अफ कोरियाले जनाएको छ। दुबई कच्चा तेल, दक्षिण कोरियाको डिसेम्बरमा औसत ७७.३३ अमेरिकी डलर प्रति ब्यारेल, अघिल्लो महिनाको तुलनामा ७.४ प्रतिशतले घटेको छ।औसत एक डलर विनिमय दर डिसेम्बरमा १३०३. ९८ एक प्रति डलरमा भरेको छ जुन अघिल्लो महिनामा एक हजार तीन सय १३१०.३९ थियो।आयातित कच्चा मालको मूल्य नोभेम्बरमा ७. ४ प्रतिशतले घटेपछि पुनः डिसेम्बरमा ४.६ प्रतिशतले घटेको छ।

तेल उत्पादन सहितका सामानको आयात मूल्य गत डिसेम्बरमा ०.४ प्रतिशतले घटेको छ। आयातित पुँजीगत सामानको मूल्य ०.३ प्रतिशतले बढेको छ। तर गत महिना उपभोक्ता सामानको मूल्य ०.१ प्रतिशतले घटेको छ।लगातार दोस्रो महिना गिरावटको प्रवृत्ति कायम राख्दै निर्यात मूल्य सूचकाङ्क डिसेम्बरमा मासिक आधारमा ०.९ प्रतिशतले घटेको छ।

# नेप्से परिसूचकमा ५४ अङ्कको वृद्धि



**टुडे समाचारदाता**

काठमाण्डु । यो महिना बैंकहरुले कर्जाको ब्याजदर थप घटाएसँगै शेयर बजारमा उच्च अङ्कको वृद्धि देखिएको छ । मंगलबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक मंगलबार ५४ दशमलव ५४ अङ्क अर्थात् दुई दशमलव ५७ प्रतिशतले बढेर दुई हजार एक सय ७५ दशमलव १७ को विन्दुमा कायम भएको छ ।

मंगलबार तीन सय चार कम्पनीको दुई करोड ३३ लाख ७० हजार ५३ कित्ता शेयर एक लाख ३३ हजार ६१ पटक खरिदबिक्री हुँदा रू आठ अर्ब दुई करोड ३८ लाख ६२ हजार चार सय छ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।

नेप्सेका सबै सूचक तथा उपसूचकहरु हरियो देखिएका छन् । सेन्सेटिभ इन्डेक्स दुई दशमलव ३८, फ्लोट इन्डेक्स दुई दशमलव ७२ र सेन्सेटिभ फ्लोट इन्डेक्स दुई दशमलव ५९ प्रतिशतले बढेको छ । सबै समूहका उपसूचक बढेका छन् । सबैभन्दा धैरै वित्त समूहको उपसूचक चार दशमलव ७५ र लगानी समूहको उपसूचक तीन दशमलव ७० प्रतिशतले बढेका छन् ।

पाँच कम्पनीको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । बुटवल पावर कम्पनी लिमिटेड, युनाइटेड मोदी हाइड्रोपावर लिमिटेड, हिमालयन पावर पार्टनर लिमिटेड, एनआरएन इन्फ्रास्ट्रक्चर एन्ड डेभलपमेन्ट लिमिटेड र नेपाल वेयरहाउसिङ कम्पनी लिमिटेडको शेयर मूल्य १० प्रतिशतले बढेको हो । मंगलबार सबैभन्दा धैरै घट्नेमा भने ज्योति विकास बैंक बन्ड २०८७ को शेयर मूल्य नौ दशमलव ९९ प्रतिशतले घटेको छ ।

कारोबार रकमका आधारमा सबैभन्दा धैरै सोनापुर मिनरल्स एन्ड आयल लिमिटेडको रू २८ करोड ३१ लाख ५५ हजार आठ सय दुई बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा भने सबैभन्दा धैरै हिमाल दोलखा हाइड्रोपावर कम्पनी लिमिटेडको ११ लाख ५० हजार एक सय ३४ कित्ता शेयर किनबेच भएको छ ।

# कर्णाली प्रदेशमा बहुवर्षे योजनाको अवधि तीन वर्ष

**टुडे समाचारदाता**

जाजरकोट । कर्णाली प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयले हरेक बहुवर्षे योजनाको अवधि तीन वर्ष हुने निर्देशिका पारित गरेको छ । बर्षेनी बहुवर्षे ठेक्काको नाममा हुने गरेको ढिलासुस्तीलाई समयमै सम्बोधन गर्न प्रदेश सरकारले यस्तो निर्देशिका ल्याएको हो ।




आर्थिक मामिला तथा योजनामन्त्री बेदराज सिंहले बहुवर्षे ठेक्का जनाउँदै लामो समयसम्म अल्झिएर बसेको हुँदा यसलाई तत्काल सम्बोधन गर्न तीन वर्षे अवधि राखिएको जानकारी दिए । बहुवर्षे ठेक्कको लागि बजेट सुनिश्चित गर्दा एक चौथाइ बजेटको व्यवस्था गरेर मात्र काम सुरु गर्न लागिएको उनको भनाइ छ ।

बजेट सुनिश्चित गरेको ६ महिनाभित्र बोलपत्रमा गएर काम सुरु हुनुपर्ने निर्देशिकामा उल्लेख छ ।यसैगरी निर्देशिकामा यदि ठेक्का लाग्न नसके स्वतः खारेज हुने उल्लेख गरिएको छ । तीन वर्षभित्र सम्पन्न नहुने बहुवर्षे ठेक्काको हकमा ठेक्का खारेज तथा कारबाहीको लागि बाटो खुल्नेसमेत उनको भनाइ छ । अहिले दर्जनौं आयोजना बहुवर्षेको नाममा अलपत्र पर्दै आएर आफूहरु समस्यमा परेको मन्त्री सिंहले बताए । जथाभावी योजना बाँडेर कार्यान्वनमा आइरहेको समस्य अन्त्य गर्नका लागि नयाँ निर्देशिका निर्माण गरी मन्त्रिपरिषद्बाट पास भएको उनले बताए ।

अब पुराना योजनालाई आवश्यकपर्ने जती बजेट विनियोजन गरेर मात्र नयाँ योजनामा बजेट छुट्याउने काममा आर्थिक मामिला तथा योजना मन्त्रालय निर्देशिका बनाएर काममा जुटेको उनको भनाइ छ । चालु आर्थिक वर्षमा कार्यान्वन हुन नसकेका टुक्रे योजनाबारे पनि आउँदो मन्त्रिपरिषद्को बैठकमा निर्णय हुने जनाइएको छ । सडक र भवनको हकमा रु २० लाखदेखि ३० लाखसम्मका योजना सुधार हुने छन्,भने अन्य योजनामा कार्यान्वन नगर्ने सोचमा आर्थिक मामिला तथा योजना मन्त्रालय रहेको छ ।

योजनाको प्रकृति र अवस्था हेरेर योजना कार्यान्वनमा जाने मन्त्रालयले जनाएको छ । टुक्रे योजनालाई कटौती गरेर बजेट कार्यान्वयनमा जोड दिएको छ । प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयले बजेट कार्यान्वयन जनमुखी र पारदर्शी बनाउन योजना पूर्णरूपमा कार्यान्वयन गर्ने नीति अवलम्बन गरेको हो । मन्त्री सिंहले भने, "योजनाको ठेक्का सम्झौता गर्दा सम्बन्धित मन्त्रालयले एक चौथाइ बजेट विनियोजन गर्नुपर्ने व्यवस्था गरिएको छ । यसले गर्दा बजेटको स्रोत सुनिश्चितताको अन्योलता हट्ने छ भने समयमै ठेक्का सम्झौता हुने छ ।" बजेट कार्यान्वयनमा सुधार ल्याउन १५ लाखभन्दा कमका टुक्रे योजना कटौती उनले बताए ।

बहुवर्षीय ठेक्का तर्जुमा निर्देशिका २०७७ लाई संशोधन गरेर गत बुधबार बसेको मन्त्रिपरिषद्को बैठकले बहुवर्षीय ठेक्का अवधि निर्धारण गरेको छ । स्थानीय तहले प्राथमिकीकरण गरेका योजनालाई प्राथमिकतामा राखेर नयाँ ठेक्का सम्झौता गरिने मन्त्रालयको लक्ष्य रहेको छ । सरकार गठनको एकवर्ष निराशाजनक रहेपछि प्रदेश समृद्धिमा सघाउ पुऱ्याउने प्रकृतिको 'कर्णाली समृद्धि अभियान' सञ्चालन गरेर थुप्रै देखिने खालका कार्यक्रम सञ्चालन गर्ने योजना तय गरिएको छ । प्रथम चौमासिक सकिँदासम्म चालु आर्थिक वर्षको बजेट कार्यान्वयन सन्तोषजनक छैन । पाँच महिनाको अवधिमा प्रदेश सरकारले कूल बजेटको १२.९६ प्रतिशत बजेट कार्यान्वयन गरेको छ ।

गतवर्ष पुस मसान्तसम्म १३.४ प्रतिशत बजेट कार्यान्वयन गरेको थियो । पहिलो चौमासिकमा ठेक्का सम्झौताका काम बढी हुने भएकाले बजेट कार्यान्वयन हुन नसकेको उनले बताए । दोस्रो चौमासिकमा परिणाम आउने गरी काम हुने उनको दाबी छ । सरकारले रु ८३ करोड २९ लाख आन्तरिक आम्दानी गर्ने लक्ष्य राखेको हो । हालसम्म ३६ करोड राजस्व सङ्कलन भएको छ । १५ लाखभन्दा तलका योजना अहिले सरकारले कार्यान्वयन नगरेको र अरू ठूला कार्यक्रमको ठेक्का सम्झौता गरी कार्यान्वयनको चरणमा भएकाले खर्च प्रतिशत केही कम देखिएको उनले बताए ।

कर्णालीमा रु छ करोडको जडीबुटी निकासी

कर्णाली प्रदेश सरकारको उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालयले एक वर्षमा रु ६ करोडको जडीबुटी निकासीलाई आफ्नो उपलब्धिका रूपमा लिएको छ । जडीबुटीका लागि प्रख्यात मानिएको कर्णालीले जडीबुटीको सदुपयोग गर्न सकिरहेको छैन । सार्वजनिक विवरण अनुसार एक वर्षमा करिब नौ लाख बिरुवा उत्पादन गरेर वृक्षरोपण गरी औसतमा ३८.५७% वन क्षेत्र संरक्षण गरिएको छ, भने वन क्षेत्र र निजी जग्गामा गरी जम्मा दुई सय ५७ हेक्टर जमिनमा वृक्षरोपण भएको छ ।

मन्त्रालयका अनुसार प्रदेशमा तीन हजार पाँच सय ९७ वटा नयाँ उद्योग दर्ता भएका छन् भने उद्योगबाट नौ करोड ७४ लाख कूल राजस्व सङ्कलन भएको छ । दर्ता भएका उद्योग भनेका साना तथा लघु उद्यम सम्बन्धित हुन् । कर्णालीमा अहिलेसम्म ठूला तथा मझौला खालका उद्योग, कलकारखानाको विकास हुन सकिरहेको छैन । मन्त्रालयले मुगुको रारा, रुकुमको खारा, कालिकोटको पिली, पचालझरना र त्रिवेणी पाटनको पर्यटकीय पूर्वाधार विकासको लागि बहुवर्षीय आयोजना स्वीकृत भई कार्यान्वयन भइरहेको बताइएको छ । यी स्थानलाई युद्ध पर्यटकीय रूपमा विकास गर्ने योजना विगत सरकारकै हो ।

सामुदायिक वन, राष्ट्रिय वन र निजी वन गरी एक वर्षमा दुई लाख ६३ हजार क्यूफिट काठ उत्पादन भएको, २२५.६३ चट्टा दाउरा उत्पादन भएको कुरा पनि मन्त्रालयले प्रगतिमा राखेको छ । साथै अतिक्रमित वन क्षेत्र २८ हेक्टर, पुनःस्थापित वन क्षेत्र (अतिक्रमण नियन्त्रण) १४.०३ हेक्टर, वन डढेलोले क्षति गरेको वन क्षेत्र १९०१ हेक्टर संरक्षण गरिएको छ । वन अपराध सम्बन्धी ३६ मुद्दा दर्ता भई २३ वटा मुद्दा फछ्र्यौट भएका छन्,भने २८११ सामुदायिक वन (क्षेत्रफल ३६३८६४ हेक्टर), सामुदायिक वनबाट लाभान्वित घरधुरी संख्या दुई लाख ९१ हजार ९९६ (प्रदेशको कुल घरधुरीको ७९.७ प्रतिशत), ७८४ कबुलियती वन (क्षेत्रफल ८२२७ हेक्टर) र कबुलियती वनबाट लाभान्वित घरधुरी संख्या १९१२ रहेको उल्लेख गरिएको छ । मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत एक वर्षमा १७ हजार बढीले रोजगारी पाएको दाबी गरेको छ । मुख्यमन्त्री राजकुमार शर्माले विगत एक वर्षमा मुख्यमन्त्री रोजगार कार्यक्रमबाट १७ हजार पाँच सयभन्दा बढीले रोजगारी पाएको बताए ।

सरकारले यो कार्यक्रम विगतदेखिनै सञ्चालनमा ल्याएको तर, प्रभावकारी हुन नसकेको कार्यक्रम हो । यस्तै मुख्यमन्त्री रोजगारका नाममा झार उखाल्नेदेखि चौतारा बनाउनेसम्मका काम भएको र कार्यक्रमको प्रभावकारीतामाथि निरन्तर प्रश्न उठिरहेको छ । उनले गत एक वर्षमा कार्यक्रमबाट ८ लाख ४६ हजार १ सय ९२ कार्यदिन बराबरको रोजगारी सिर्जना भई १७ हजार ५ सयभन्दा बढीले रोजगारी प्राप्त गरेको विवरण सार्वजानिक गरे ।

"कर्णाली प्रदेशका बेरोजगार युवालाई रोजगारका विभिन्न अवसर उपलब्ध गराउने उद्देश्यले प्रदेशका सबै वडामा मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन गरिएको छ," शर्माले भने, "चालु आर्थिक वर्षमा यस कार्यक्रमलाई निरन्तरता दिई सात सय १८ वटै वडामा आयोजना/कार्यक्रम सञ्चालनका लागि रकम पठाइसकिएको छ ।" यस वर्ष उक्त कार्यक्रमका लागि एक अर्ब १६ करोड ४० लाख रकम सशर्त अनुदानको रुपमा सबै स्थानीय तहमा पठाइएको उनले बताए ।

# चिया र अलैंची अनुसन्धान केन्द्र स्थापना हुने

**टुडे समाचारदाता**

इलाम । इलाममा एकसाथ चिया र अलैंचीको अनुसन्धानका लागि चिया तथा अलैंची अनुसन्धान केन्द्र स्थापना हुने भएको छ । चिया र अलैंचीको उर्वरभूमि इलाममा यसको अनुसन्धान केन्द्र स्थापना हुने भएको हो । यसले चिया र अलैंचीको उत्पादन र गुणस्तर वृद्धिमा सहयोग पुग्ने छ ।

इलाम नगरपालिका-१ साँखेजुङका तीनजना दाहाल बन्धुहरूले यसका लागि निःशुल्क जग्गादान गर्नुभएको छ । राष्ट्रिय व्यावसायिक कृषि अनुसन्धान कार्यक्रमअन्तर्गत अनुसन्धान केन्द्र स्थापना हुने भएको हो । जसका लागि जग्गा व्यवस्थापनको काम इलाम नगरपालिकाले गरिरहेको छ । इलाममा चिया उत्पादन हुन थालेको करिब एक सय ६० वर्षपछि चिया अनुसन्धानका लागि केन्द्र स्थापना हुने भएको हो । यसले जिल्लाका किसानमा खुसी छाएको छ । जग्गा प्राप्तिसँगै कार्यालय स्थापनाको काम सुरु भएको छ । जसमा पहिलो चरणमा भवन निर्माणका लागि १३ रोपनी क्षेत्रफललाई सम्याइएको छ ।



सो स्थानमा भवन निर्माणका लागि ठेक्का समेत लागिसकेको इलाम नगरपालिकाका प्रमुख केदार थापाले बताए । चिया प्रशोधनतर्फ रु २० लाखबराबरको रकमबाट काम भइरहेको छ ।

अनुसन्धान केन्द्रका लागि इलाम नगरपालिका-१ स्थित साँखेजुङमा ४२ रोपनी जग्गा व्यवस्थापन गरिएको छ । स्थानीय रेतनाथ दाहालले १३ रेपनी), मित्र दाहालले १४ रोपनी तथा देवी दाहालले १५ रोपनी जग्गा हस्तान्तरण गरेको इलाम नगरपालिका-४ का वडाध्यक्ष तथा इलाम नगरपालिका प्रवक्ता नुतनदेव दुलालले जानकारी दिए ।

पहिलो चरणमा पर्खालका लागि तारबार र कार्यालय भवन निर्माण गरिने छ । अनुसन्धान केन्द्रका लागि एक सय रोपनीभन्दा बढी जमिन आवश्यक पर्ने बताइएको छ । बयालीस रोपनी जग्गा प्राप्त भइसकेको र अब थप ५२ रोपनी जग्गा आवश्यकता छ । अन्य जग्गादाताले अनुसन्धान केन्द्रका लागि आवश्यक पर्ने जमिनसमेत उपलव्ध गराउन पहल भइरहेको प्रवक्ता दुलालको भनाइ छ ।

इलाममा धैरै किसान चियामा आत्मनिर्भर छन् । उत्तिकै संख्यामा अलैंची किसानसमेत छन् । विदेशी मुद्रा मंगलबारर्न गर्ने नगदेबालीमा पर्ने अलैंची र चियाको विकासका लागि एकैसाथ काम भइरहेको इलाम नगरपालिकाका प्रमुख थापाको भनाइ छ । नगरपालिकाले कृषिलाई प्राथमिकतामा दिएअनुसार नै केन्द्र स्थापना गर्न लागिएको हो ।

महँगो मूल्यमा अलैंची बिक्री भए पनि अलैंची मासिने क्रम नरोकिएकाले यसको खेती गर्ने किसानको संख्यामा कमी हुँदै गएको छ । अलैंचीको अनुसन्धानसमेत यहीँ गरिने भएपछि अब यससँग सम्बन्धित किसानको संख्या बढ्ने अपेक्षा छ । विसं १९२० मा चिया रोप्न सुरु गरिएको इलाममा सरकारले अनुसन्धान केन्द्र स्थापना गर्न लागेको हो । केन्द्र स्थापना हुने भएपछि यहाँका किसानमा उत्साह थपिएको छ ।

# रेसुङ्गा विमानस्थलमा हप्ताको चार पटक उडान हुँदै

**टुडे समाचारदाता**

तम्घास । गुल्मीको रेसुङ्गा विमानस्थलमा हप्ताको चारपटक उडान हुने भएको छ । हाल हप्तामा दुई पटक मात्रै उडान हुदैं आएकामा अगामी फागुनको पहिलो हप्ताबाट चार पटक उडान हुनेगरी व्यवस्था मिलाइएको हो । रेसुङ्गा विमानस्थलमा गत वैशाख २९ गते पहिलो व्यावसायिक उडान भएको थियो ।

यात्रुको अत्याधिक चाप भएपछि बुधबार र शुक्रबार गरी हप्ताको दुई दिन उडान भइरहेको थियो । अझै पनि यात्रुको चाप अत्याधिक नै भएका कारण हप्ताको चार दिन उडान गर्ने गरी तयारी भइरहेको रेसुङ्गा नगरपालिकाका प्रमुख खिलध्वज



पन्थीले जानकारी दिए । यसका लागि नेपाल नागरिक उड्ययन प्राधिकरण तथा नेपाल वायुसेवा निगमसँग पुनःसम्झौता गर्ने तयारी गरिएको उनले बताए ।

रेसुङ्गामा हालसम्म ६४ उडान भएका छन् । यसबाट आठ सय १५ यात्रुले सेवा लिएका छन् । जहाजमा अधिकाशं गम्भीर रोगका बिरामी, ज्येष्ठ नागरिक र अशक्त नागरिकले सेवा लिएका छन् ।

# विस्तार गरिँदै मकै बाली

**टुडे समाचारदाता**

पर्वत । पर्वतमा उत्पादनको हिसाबले मुख्य बालीका रुपमा रहेको मकैबाली विस्तार गर्न चालु आर्थिक वर्षमा रु ६६ लाख लगानी गरिने भएको छ । कृषि ज्ञान केन्द्र पर्वतले मकै बीउ उत्पादन तथा मकै बाली प्रवर्द्धन आयोजनाका लागि उक्त रकम लगानी गर्ने भएको हो । मकै खेती भइरहेको जिल्लाको करिब ५० हेक्टर क्षेत्रफलमा व्यावसायिक रुपमा मकै बीउ तथा मकै बाली उत्पादनका लागि किसानलाई अनुदानस्वरुप रु ६६ लाख वितरण गर्न थालिएको कृषि ज्ञान केन्द्र पर्वतले जनाएको छ ।

कार्यालयका अनुसार मकै बालीको क्षेत्रफल विस्तार तथा उत्पादन प्रवर्द्धनका लागि रु ३० लाख, बीज वृद्धि कार्यक्रमका लागि रु २० लाख, यान्त्रिकीकरण तथा पूर्वाधार निर्माणका लागि रु १० लाख र बजारीकरणका लागि रु छ लाख लगानी गर्ने भएको हो । यसमध्ये ३० हेक्टर क्षेत्रफलमा मकै बाली विस्तार गरिने भएको छ भने २० हेक्टर क्षेत्रफलमा मकैको



मूल बीउ उत्पादन गरिने वरिष्ठ कृषि विकास अधिकृत परशुराम अधिकारीले जानकारी दिए ।

अधिकारीका अनुसार क्षेत्रफल विस्तारका लागि कम्तीमा १० घरपरिवार संलग्न भएको समूह वा सहकारीमार्फत एक सय रोपनी क्षेत्रफलमा खेती गर्नुपर्नेप्रावधान रहेको छ । मकैको मूल बीउ उत्पादनका लागि कम्तीमा १० परिवार संलग्न समूह वा सहकारीमार्फत २० रोपनी क्षेत्रफलमा बीउ उत्पादन गर्नुपर्ने उल्लेख छ ।

कार्यालयका अनुसार मकै बीउ उत्पादन तथा मकै बाली प्रवर्द्धन आयोजना कार्यान्वयन मापदण्ड २०७९ अनुसार बीउमा बढीमा ७५ प्रतिशत, सिँचाइलगायत पूर्वाधार निर्माणमा ९० प्रतिशत, यान्त्रिकीकरणतर्फ बढीमा ७५ प्रतिशत र बजारीकरणतर्फ बढीमा ५० प्रतिशत अनुदान किसानलाई वितरण गरिने भएको छ ।

मकै बाली तथा बीउ उत्पादन गर्न चाहने किसानले वडा कार्यालय वा कृषि शाखाको सिफारिस, जग्गाको लालपुर्जा वा करार सम्झौताको प्रतिलिपि, कृषक समूह, सहकारी वा साझेदारी फर्म दर्ता प्रमाणपत्र, पान वा भ्याटको प्रतिलिपि र करचुक्ता प्रमाणपत्र बुझाउनुपर्ने कार्यालयले जारी गरेको सूचनामा उल्लेख गरिएको छ ।

गण्डकी प्रदेश सरकारको बजेट तथा कार्यक्रम कार्यान्वयनसम्बन्धी एकीकृत कार्यविधि २०७७ र मकै बीउ उत्पादन तथा मकै बाली प्रवर्द्धन आयोजना कार्यान्वयन मापदण्ड २०७९ मा भएको व्यवस्थाअनुसार कार्यक्रम सञ्चालन गरिने केन्द्र प्रमुख अधिकारीले जानकारी दिए ।

पर्वतमा गत वर्ष सञ्चालित उक्त कार्यक्रमअन्तर्गत ६० हेक्टर क्षेत्रफलमा १३० मेट्रिक टन मकै उत्पादन भएको थियो । मकैको बीउ साढे २३ मेट्रिक टन उत्पादन भएको थियो । पर्वतमा कूल १३ हजार नौ सय ४० हेक्टर क्षेत्रफलमा मकै बाली उत्पादन हुँदै आएको छ भने वार्षिक ३३ हजार चार सय ५० मेट्रिक टन उत्पादन हुँदै आएको कृषि ज्ञान केन्द्र पर्वतले जनाएको छ । मकै बालीमा पर्वत आत्मनिर्भर हुनाका साथै वार्षिक १४ हजार मेट्रिक टन मकै निर्यातसमेत हुने गरेको कार्यालयको तथ्याङ्क छ ।


लोहारपट्टी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लोहारपट्टी, महोत्तरी
मधेश प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशय पत्रको सूचना**

प्रकाशित मिति २०८०/१०/०३

प्रस्तुत विषयमा यस कार्यालयबाट मिति २०८०/०८/०७ वि.सं. (२३ नोभेम्बर २०२३ इ.सं.) गते बोलपत्रमा Online माध्यमबाट प्रकाशित सूचना अनुसार तथा www.bolpatra.gov.np/egp मा e-Submission मार्फत Construction of Primary Health Center (Loharpatti Municipality - 4, Khutta) कार्यको लागि रितपूर्वक पेश हुन आएका बोलपत्रहरु मूल्याङ्कन गर्दा निम्न बोलपत्रदाता न्यूनतम मूल्याङ्कन सारभुत रुपमा प्रभावग्राह भई स्वीकृतीको लागि पेश भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनको लागि यो ७ (सात) दिने बोलपत्र स्वीकृत गर्ने आशय पत्रको सूचना जारी गरिएको छ ।

तपसिल

| सि. नं. | खरिद नं./ठेक्का नं. | योजनाको नाम | स्वीकृत हुने फर्मको नाम, ठेगाना | कबोल अंक (मु.अ.कर र PS बाहेक) | कैफियत |
|---|---|---|---|---|---|
| 1. | NCB/Works/ LM/2080/81/01 | Construction of Primary Health Center (Loharpatti Municipality-4, Khutta) | Bindeshwori Construction, Janakpurdham-08, Dhanusha | NRs. 73,08,064.04 | न्युनतम मूल्यांकित सारभुत रुपमा प्रभावग्राही बोलपत्र |

नि. प्रमुख प्रशासकीय अधिकृत

# राष्ट्रिय सभा सदस्यका उम्मेदवार र मतदाताबीच अन्तरक्रिया



**सिकेन्द्र पासवान**

बारा । आगामी माघ ११ गते हुने राष्ट्रियसभा सदस्यको निर्वाचनका लागि मधेश प्रदेशमा सत्तागठबन्धनका उम्मेदवारलाई जिताउन मतदाता र उम्मेदवारबीच अन्तरक्रिया तथा छलफल कार्यक्रम बारामा सम्पन्न भएको छ।

आफ्ना उम्मेदवारको पक्षमा प्रचार-प्रसार तथा एक आपसमा भेटघाटका लागि मधेश प्रदेशको ८ वटै जिल्लाहरुमा सो अभियान सञ्चालन भइरहेको छ। सोही अनुसार कलैयामा नेपाली कांग्रेसका जिल्ला सभापति राजेशराय यादवको अध्यक्षतामा सो कार्यक्रम सम्पन्न भएको छ।

कार्यक्रममा नेपाली कांग्रेसका सहमहामन्त्री फरमुलाह मन्सुर, उमाकान्त चौधरी, महेन्द्रप्रसाद यादव, केन्द्रीय सदस्य प्रदीप पौडेल, मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादव, जसपाका मधेश प्रदेश अध्यक्ष रामबाबु कुमार यादव, मआवादी केन्द्रका केन्द्रीय सदस्य दिनेश राई, लोसपाका केन्द्रीय सदस्य नवलकिशोर सिंह लगायतकाले गठबन्धनका उम्मेदवारद्वय आनन्द ढुङ्गाना र पूजा चौधरीलाई जिताउनकालागि एक्यवद्ध भइ अगाडि बढ्ने प्रतिवद्धता ब्यक्त गरेका थिए।

नेपाली कांग्रेसका तर्फ उम्मेदवार आनन्द ढुङ्गाना र जसपाका तर्फबाट उम्मेदवार पूजा चौधरीले मतदाताहरु र गठबन्धन भित्रका सम्पूर्ण नेताहरुलाई गठबन्धनका पक्षमा वातावरण सृजना गर्नमा लाग्न आग्रह गरे। सत्ता गठवन्धनको मतभार एमाले भन्दा धैरै नै बढी रहेको हुँदा गठबन्धनका उम्मेदवार जसरी पनि जित्नेमा सत्ता गठवन्धनका उम्मेदवारहरु भने ढुक्क रहे पनि प्रचार-प्रसारलाई तीव्रता दिएका छन्।

# वनको जग्गा अतिक्रमण गरेको आरोपमा अध्यक्ष पक्राउ

**टुडे समाचारदाता**

कलैया । वनको जग्गा अतिक्रमण गरेर भोगचलन गरेको आरोपमा निजगढ नगरपालिका २का वनदेवी सामुदायिक वनका अध्यक्ष पक्राउ परेका छन् । वनदेवी सामुदायिक वन उपभोक्ता समूहका बहालवाला अध्यक्ष सिद्ध बहादुर थापालाई वन कार्यालयले पक्राउ गरेको छ।

थापालाई वन कार्यालयले जिल्ला अदालतमा उपस्थित गराएर ५ दिनको म्याद थप गरेको छ । १ वर्ष कैद र २ लाख जरिवाना भन्दा बढी सजाय हुने मुद्दा वनको क्षेत्राधिकार भित्र पर्दैन । जसअनुसार वनको जग्गा अतिक्रमणको मुद्दा अदालतले मात्रै हेर्ने गर्दछ।

२०७३ सालमा वनदेवी सामुदायिक वनका अध्यक्ष थापा सहित लोकप्रिय प्राविका प्रअ मुकुन्द विष्ट, तत्कालीन वडाध्यक्ष तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष केशव प्रसाद ढोडारी, मन्दिर निर्माण समितिका राधाकृष्ण पुडासैनी र निजगढ २ का स्थानीय झलक बहादुर राईसहित २६ जना विरुद्ध वन क्षेत्र अतिक्रमण गरेको आरोपमा वन कार्यालयमा मुद्दा दर्ता छ।

इलाका वन कार्यालय निजगढका प्रमुख रघुनाथ दासले सामुदायिक वनका अध्यक्ष थापा बाहेक अन्यको हकमा पनि २०७३ सालमा नै मुद्दा दर्ता भएकोले अदालतमा उपस्थित हुन आग्रह गरेका छन्।

उनीहरू विरुद्ध ३० बिगाहा भन्दा धेरै वनको जग्गा अतिक्रमण गरेर भागबन्डामा भोगचलन गरेको अभियोग छ। अतिक्रमण भएको वनको जग्गा भागबन्डा लगाएर ९ वटा संघसंस्थाले ठेक्कामा केरा



खेती गरेको र लाखौँको आम्दानी समेत हिनामिना गरेको आरोप छ। उनीहरु विरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोग र राष्ट्रिय सर्तकता केन्द्रले समेत यसअघि नै कारबाहीको लागि वन कार्यालयलाई पटक पटक ध्यानाकर्षण गराएको थियो।

अख्तियारले वनको जग्गा अतिक्रमण भएको विषयमा वन विभागसँग जवाफ मागेपछि विभागले वन कार्यालय बारालाई त्यसको स्थलगत अध्ययन गरेर प्रतिवेदन बुझाउन निर्देशन दिएको थियो।

सोही निर्देशनका आधारमा वन कार्यालयका रेन्जर बुनिलाल बैठाले बुझाएको अध्ययन प्रतिवेदनमा वनदेवी सामुदायिक वन समूहका अध्यक्ष, वडाध्यक्ष, विद्यालय प्रअ, विद्यालय व्यवस्थापन समितिका सदस्य सचिव, मन्दिर निर्माण समिति पदाधिकारी लगायतको संलग्नतामा वन अतिक्रमण गरिएकोले उनीहरूलाई दोषी ठहर गरी वन ऐन २०४९ तथा वन नियमावली २०५१ बमोजिम कारबाही गर्न प्रतिवेदनमा उल्लेख गरिएको छ।

सोही प्रतिवेदनका आधारमा वन कार्यालयले संलग्न सबै व्यक्ति उपर मुद्दा दर्ता गरेको छ। डिभिजन वन कार्यालय बाराका प्रमुख विनोद सिंहले वनको जग्गा अतिक्रमण गर्ने विरुद्ध मुद्दा दर्ता भएकोले अदालतमा उपस्थित नभए पक्राउ पुर्जी जारी गर्ने बताए। 'उहाँहरूले अदालतमा उपस्थित हुन अटेर गर्नु भयो भने अदालतबाट पक्राउ पुर्जी जारी हुन्छ' डिभिजन वन प्रमुख सिंहले भने।

सामुदायिक र राष्ट्रिय वनको ३० बिगाहा जग्गामा टासी छ्योलिङ्ग गुम्बाले २ बिगाहा, शिव मन्दिरले १४ कट्ठा, नेपाल राष्ट्रिय उमाविले ७ बिगाहा,कृष्ण प्रणामी मन्दिरले २४ कट्ठा, सरस्वती निमावि ले ३ बिगाहा, नेपाल राष्ट्रिय प्राविले साढे २ बिगाहा, लोकप्रिय प्रावि ले ५ बिगाहा, बौद्ध गुम्बाले ३ बिगाहामा केरा खेती गर्न ठेक्का दिएका छन् भने डेढ बिगाहामा सार्वजनिक पोखरी समेत रहेको छ।

वनको जग्गामा संघसंस्थाले वार्षिक लाखौँ रुपैयाँमा केरा खेती गर्न ठेक्का दिने र सो आम्दानी गुम्बा, मन्दिर र विद्यालयको नामबाट जथाभावी खर्च गर्ने गरेको वन कार्यालयको प्रतिवेदनमा उल्लेख छ । संरक्षण गर्नुपर्ने जिम्मेवारी पाएका समाजका अगुवाहरूले नै संस्थागत रूपमा वनको जग्गा अतिक्रमण गरेर आम्दानी हिनामिना गरेको वन कार्यालय बाराले जनाएको छ।

सो वनको जग्गाको चार किल्लामा पूर्वतर्फ सिंगोल जाने बाटो, पश्चिममा सरस्वती सामुदायिक वन, उत्तरतर्फ सिंगौल बस्ती, लोकप्रिय प्रावि तथा आबादी क्षेत्र रहेको छ भने दक्षिणतर्फ जनहित सामुदायिक वनको सिमाना र सुकेपोखरीको किनार रहेको छ।

वन दर्ता प्रमाणपत्रमा उल्लेख भएको सो चार किल्ला हाल कायमै रहेको छ। 'सामुदायिक वनको दर्ता प्रमाणपत्रमा उल्लेख भएको चार किल्लालाई आधार मानी जिपिएस मेशिन प्रयोग गरी सर्भे रेखाङ्कन गर्दा १९ दशमलव ७८ हेक्टर क्षेत्रफल भएको केरा खेती गरेको र सो क्षेत्रभित्र रहेका ७ वटा घर टहरा समेत वनदेखि सामुदायिक वन क्षेत्रभित्र देखिएको र १.२२ हेक्टर अतिक्रमण भएको राष्ट्रिय वन क्षेत्र देखिएको छ', प्रतिवेदनमा उल्लेख छ। वन कार्यालयले सो प्रतिवेदन अख्तियार दुरुपयोग अनुसन्धान आयोग र वन विभाग पठाइसकेको छ।

# कटहरिया नगरपालिकामा लगाइएको ताला ९ दिनपछि खुल्यो

**टुडे समाचारदाता**

गौर । रौतहटको कटहरिया नगरपालिकामा उपप्रमुखलगायत जनप्रतिनिधिहरुले लगाएको ताला ९ दिनपछि मंगलबार खोलिएको छ।

नगरप्रमुख अजयप्रकाश जैसवालले आफै धर्नामा बसेका जनप्रतिनिधिहरुसंग वार्ता गरेपछि ताला खोलिएको छ। वडा नम्बर ४ का अध्यक्ष चन्दनकुमार कुशवाहाले नगरप्रमुख जैसवालले आफूहरुले राखेको माग सम्बोधन गरेपछि ताला खोलेको बताए । 'धर्ना बसेकै स्थानमा आएर नगरप्रमुख जैसवालले माग सम्बोधन गर्छु भनेर आश्वासन दिनु भएको छ,' उनले भने, 'माग सम्बोधन भएन भने पुनः ताला लगाएर धर्नामा बस्छौं।' नगरप्रमुख जैसवालले सबै वडाको विद्युत् महसुल तिर्ने, आर्थिक वर्षको खर्च कार्यपालिकामा



पेस गर्ने, डोरलगायत करारमा कार्यरत कर्मचारीको विवरण दिने लगायतका माग सम्बोधन गर्ने जनाएका छन्।

उपप्रमुख रीता देवी यादवको नेतृत्वको जनप्रतिनिधिको टोलीले कुनै पनि शीर्षकमा खर्च गर्नुअघि खर्चको प्रस्तावमाथि कार्यपालिका बोर्डको बैठकबाट सुनिश्चित गर्नुपर्ने, नगरक्षेत्र अन्तर्गत घरायसी प्रयोजनमा खर्च भएको विद्युत् महसुलबापत प्राधिकरणको बक्यौता रकम सुनिश्चित गर्नुपर्ने, नगरपालिका मातहत तथा कार्यालयमा विगत खट्दै आएको कर्मचारी, डोर, करार, सफाइकर्मी, सबैको बाँकी तलब भुक्तानी गरी कर्मचारी राख्ने वा नराख्ने बारे छलफल हुनुपर्नेलगायत विभिन्न ८ बुँदे माग राखी पुस २३ गते नगरपालिकाको कार्यालयमा तालाबन्दी गरेको थियो। नगरप्रमुख जैसवालले छलफलको माध्यमबाटै समस्याको निकास निकालिएको बताए।

# सहनी दम्पत्तीको रहस्यमय मृत्यु

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषामा एकदिन अघि श्रीमानको रहस्यमय मृत्यु भएको एक दिन नवित्दै श्रीमतीको मृत्यु पछि घटना अझै रहस्यमय बनेको छ।

जिल्लाको क्षीरेश्वरनाथ नगरपालिकामामहोत्तरीकोलोहारपट्टी नगरपालिका-३ महदैयाका २२ वर्षीय श्रीमान् राधे सहनीको घटनास्थलमै मृत्युभएको एकदिन नबित्दै गम्भीर घाइते भएकी २० वर्षीया श्रीमती अस्मिता सहनीको पनि उपचारको क्रममा प्रादेशिक अस्पताल जनकपुरधाममा मृत्यु भएपछि घटना अझै रहस्यमय बनेको छ।

इलाका प्रहरी कार्यालय सखुवा महेन्द्रनगरका प्रहरी निरीक्षक दीपक कार्कीले श्रीमान् राधे क्षीरेश्वरनाथ नगरपालिका-३ स्थित पकडियाको सडक छेउको गहुँ खेतमा मृत फेला परेका थिए। चार महिना अघि राधे र पकडियाकी अस्मिताबीच प्रेम विवाह भएको थियो।

सहनी दम्पत्ती क्षीरेश्वरनाथ नगरपालिका स्थित महेन्द्रनगरमा डेरा लिएर बस्दै आएका थिए।



आइतबार राति १० बजेतिर केही साथीसँगै ससुराली पकडियाबाट महेन्द्रनगर डेरामा आउने क्रममा ज ५ प ७८०० नम्बरको मोटरसाइकलमा अस्मितालाई लिएर हिडेका राधे बाटोमै दुर्घटनामा परेका थिए।

राधेका साथीहरु दुर्घटनामा परेका राधेलाई बेवास्ता गर्दै अस्मितालाई गम्भीर घाइते अवस्थामा माइत पुऱ्याएर फरार भएका थिए। माइती पक्षले राधेले नै अस्मितालाई मरणासन्न हुने गरी कुटपिट गरेर भागेको भन्दै प्रहरीलाई भनेको थियो । अस्मितालाई उपचारको लागि प्रादेशिक अस्पताल जनकपुरधाममा भर्ना गरिएको थियो।

रातभर राधेलाई खोजबिन गर्दा सोमबार बिहान उनी मृत अवस्थामा फेला परेको ईप्रका महेन्द्रनगरले जनाएको छ।

प्रहरीले भागेका तीन जना युवालाई सोमबार दिउँसो नियन्त्रणमा लिएर सोधपुछ गरेपछि मोटरासइकल दुर्घटना भएको खुलासा भएको प्रहरी निरीक्षक कार्कीले बताए। राधे मृत फेला परेका ठाउँमा मोटरसाइकल दुर्घटना भएको जस्तो केही पार्टपूर्जासमेत फेला परेको थियो।

तर राधेले चलाउने मोटरसाइकल अन्य साथीको रहेको खुलेको उनले बताए । राधेले अत्यधिक मदिरा सेवन गरी मोटरसाइकल चलाउँदा दुर्घटना भएको हुनसक्ने प्रहरीको अनुमान छ।

# पूर्वराजा शाहद्वारा शिवनगर महादेव मन्दिरमा पूजाआजा

**टुडे समाचारदाता**

रौतहट। पूर्वराजा ज्ञानेन्द्र शाहले मंगलवार रौतहटको शिवनगरस्थित महादेव मन्दिरमा पूजाआजा गरेका छन्।

दिउँसो निर्धारित समय भन्दा करिब १ घण्टा ढिलो पुगेका पूर्व राजा ज्ञानेन्द्र शिवनगर चोकबाट पैदल हिँडेर मन्दिरसम्म पुगेका थिए।

सो क्रममा बाटोको दुवैतर्फ बसेका समर्थकले फूलमाला लगाई स्वागत गरेका थिए। पूर्व राजा शाहले समर्थकको हातबाट माला र पुष्प गुच्छा लिएका थिए।

पूर्व राजा ज्ञानेन्द्र शाहको सुरक्षामा नेपाल प्रहरी र सशस्त्र प्रहरीको बाक्लो उपस्थिति रहेको थियो।

**क्यान्सरबाट बचौं, स्वस्थ्य रहौं**

**क्यान्सर रोगका कारण:**

- वंशाणुगत कारण,
- निष्क्रिय जीवनशैली,
- विषादीयुक्त खाद्य पदार्थको प्रयोग,
- प्रदुषित वायुमण्डल,
- तारेको, झानेको तथा फाष्ट फुड एवं जंकफुडलगायत अस्वस्थकर खानाको उपभोग,
- नूनको बढी सेवन,
- मदिरा तथा सूर्तिजन्य पदार्थको सेवनले क्यान्सर जस्तो प्राणघातक रोग लाग्न सक्दछ।

**यसबाट बच्न,**

- पान, सुपारी, गुट्का, चुरोटलगायतका सुर्तीजन्य पदार्थ र मदिराको सेवन नगरौं,
- प्रशस्त मात्रामा फलफूल तथा हरियो सागसब्जीलगायत स्वस्थकर र ताजा खाना खाने गरौं,
- लामो समय राखिएका, तारेका, झानेका तथा फाष्ट फूड एवं जंकफूडको उपभोग घटाऔं,
- नूनको उचित मात्रामा प्रयोग गरौं,
- नियमित शारीरिक अभ्यास गरौं र सक्रिय जीवनशैली अपनाऔं।

**स्वस्थ्य रहौं, दीर्घ जीवनयापन गरौं।**

नेपाल सरकार
विज्ञापन बोर्ड

# रेलमा युवकको मृत्यु

**टुडे समाचारदाता**

जनकपुरधाम । भंगहा-जनकपुरधाम-जयनगर रेलमा एक यात्रुको मृत्यु भएको छ।

मृत्यु हुनेमा महोत्तरीको लोहारपट्टी नगरपालिका-४ स्थित खुड्डा पिपराढीका अन्दाजी ५० वर्षीय रामएकवाल पण्डित रहेको धनुषाका प्रहरी प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक रञ्जन अवाले जानकारी दिए।

प्रहरी नायब उपरीक्षक अवाका अनुसार बिहान महोत्तरीको भंगहाबाट जयनगर तर्फ जान लागेको रेलमा पण्डित लोहारपट्टीमा चढेको र उनी अचानक रेलमा लड्दा मृत्यु भएको थियो।

रेलका कन्डक्टरले टिकट चेकजाँच गर्न जाँदा रेलको डब्बाभित्रै लडेको अवस्थामा उनको मृत्यु भएको जानकारी प्राप्त भएको उनले बताए।

# खेल जस्तै सफा राजनीति हुनुपर्छ : नेता पौडेल

**टुडे समाचारदाता**

बारा । नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवम् संघीय साँसद प्रदीप पौडेलले खेल जस्तै राजनीति पनि सफा हुनुपर्ने धारणा ब्यक्त गरेका छन्।

बाराको महागढीमाई नगरपालिका-२ मा आयोजित मेला एवम कुस्ती प्रतियोगिताको उद्घाटन गर्दै केन्द्रीय सदस्य पौडेलले खेलको माध्यमबाट राजनीतिमा पनि धेरै पाठ सिक्ने मौका मिल्ने भएकोले खेल र खेलाडीहरुको संरक्षण एवम सम्वर्द्धन गर्नका लागि सबैले एक्यवद्ध भइ लाग्नुपर्ने धारणा व्यक्त गरे।

खेलको माध्यमबाट देशलाई चिनाउने काम जस्तै सफा राजनीतिबाट पनि देशको नाम विदेशमा चिनाउन सकिने उनले बताए । वर्तमान सरकारले चाहे जस्तो नागरिकको अपेक्षा पूरा गर्न नसक्दा नागरिकमा नराम्रो प्रभाव परेको उनले जानकारी दिए।



लोकतान्त्रिक मूल्य मान्यता र आदर्शलाई आत्मसात गर्दै मुलुकको समृद्धि, विकासमा सबै लाग्नुपर्ने धारणा व्यक्तगर्दै कानुनी राज्यको उपहास गर्न नहुनेमा जोड दिए।

प्रतियोगितामा मधेश प्रदेश सरकारका भौतिक पूर्वाधार मन्त्री कृष्णप्रसाद यादव, नेपाली कांग्रेसका बारा उपसभापति चन्द्रशेखर कुमार यादव, संविधानसभाका सदस्य रामअयोध्या प्रसाद यादव, राष्ट्रियसभाका सदस्य रमेश यादव, नेपाली कांग्रेसका नेता शम्भु बहादर बुढाथोकी, जिल्ला सचिव भैयाराम यादव, नेपाली कांग्रेस बारा निर्वाचन क्षेत्र नम्बर १ का सभापति विजय शंकर यादव, महागढीमाई नगरपालिकाका नगर प्रमुख उपेन्द्र यादव, उप प्रमुख तारादेवी कानु लगायतले आफनो विचार ब्यक्त गरेका थिए।

दुई दिन सम्म सो कुस्ती प्रतियोगितामा नेपाल र भारतका दर्जनौ पहलमानहरुको सहभागिता रहेको छ।

# लागू औषध दुर्व्यसनीलाई निरुत्साहित गर्न एडिसी अप्रेशन

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा लागू दुर्व्यसनीको घटना बढी रहेको बेला धनुषा प्रहरीले त्यसलाई निरुत्साहित गर्न एडिसी अप्रेशन सञ्चालन गरेको छ।

नेपालमा प्रतिबन्धित लागू औषधहरु सीमावर्ती बजारमा सहज रुपमा उपलव्ध हुने भएकाले दैनिक दर्जनौ युवाहरु खुल्ला सिमानाको फाइदा उठाउदै भारतीय बजारमा गएर लागू औषध सेवन गरी फर्कने गरेको घटनालाई निरुत्साहित गर्न धनुषा प्रहरीले एडिसी अप्रेशन चलाएको छ।

उक्त अप्रेशन अन्तर्गत तीन दिन सीमावर्ती गाउँ जटहीबाट एकै दिन लागू दुर्व्यसन गरेर फर्केका ४५ जनालाई पक्राउ गरिएको धनुषाका प्रहरी उपरीक्षक मित्रबन्धु शर्माले जानकारी दिए। त्यसअघि पुसमा सोही स्थानवाट एकैदिन लागू औषध दुर्व्यसनमा परेका ३७ जनालाई पक्राउ गरी सम्झाइबुझाइ अभिभावकलाई जिम्मा लगाएको उनले बताए।

लागू औषध नियन्त्रणका लागि आफूहरुले सञ्चालन गरेको एडिसी अप्रेशन प्रभावकारी भएको बताउँदै उनले भने-'लागू औषध दुर्व्यसनी हाम्रो समाजको ठूलो समस्या हो । यसलाई नियन्त्रण गर्न प्रहरी मात्रै सम्भव छैन। सबै क्षेत्रबाट यसको सार्थक प्रयास हुनुपर्छ।'

प्रहरीले लागू औषधविरुद्धमा विद्यालय, क्याम्पसहरुमा नियमित रुपमा जनचेतनामूलक कार्यक्रम गर्दै आएको बताउँदै उनले एडिसी अप्रेशनलाई अझ प्रभावकारी बनाउन सबै पक्षको सहयोग आवश्यक रहेको बताए।

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८